# प्रभाव दैनिक
National Daily

वर्ष ११ | अंक १६३ | काठमाडौं | बुधबार, १६ असोज २०८१ | Prabhab National Daily | Wednesday, October 02, 2024 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-



पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

प्रभाव पब्लिकेसन प्रा.लि.
सिफल-७, काठमाडौं
०१४३७३५७७/९७६१८१५४०००/
९८४११५१२१७/९८४१२४६२६९
marketing2prabhab@gmail.com


# सवारीसाधनको चाप हुने बिपी राजमार्ग सुनसान

## राजमार्गको दुई खण्ड एकतर्फी सञ्चालन, एक खण्ड खुलाउने प्रयास

■ राधिका बुढाथोकी



**राजमार्ग पूर्णरूपमा कहिलेसम्म सञ्चालनमा आउँछ भन्ने अनिश्चित छ । यद्यपि, दसैंअघि नै राजमार्ग पूर्णरूपमा सञ्चालनमा ल्याउने प्रयासस्वरूप जिल्लाका जनप्रतिनिधिसहित सरोकारवाला सबैपक्ष जुटेका छन् ।**

**सिन्धुली–** यातायातका साधनले व्यस्त हुने बिपी राजमार्ग यतिबेला सुनसानजस्तै छ । राजमार्ग छेउका होटल व्यवसाय ठप्पजस्तै छ । गत बिहीबारदेखि शनिबारसम्म परेको अविरल वर्षासँगै आएको बाढीपहिरोले राजमार्गमा ठूलो क्षति गरेपछि सवारीसाधन चल्न सकेका छैनन् ।

सिन्धुलीसहित पहाडी जिल्ला र पूर्वी नेपाललाई संघीय राजधानी काठमाडौंसँग जोड्ने छोटो दूरीको राजमार्ग बाढीपहिरोले क्षतविक्षत छ । रोशी र सुनकोसी नदीमा आएको बाढीले कतै सडक बगाएको छ, कतै सडक भासिएको छ । कतै चिराचिरा परेको छ ।

गोलञ्जोर गाउँपालिकाको माथिल्लो बारादेखि नेपालथोक दुम्जासम्मको सडकमा मात्रै ४० ठाउँमा लेदोमाटो, गेग्रान र ढुंगामाटो खसेको छ । नेपालथोक दुम्जा, टुप्पीडाँडा, कमेरेफाँट झाँगाझोली रातमाटा, बोहोरेटार, माथिल्लो बारा, तल्लोबारालगायत स्थानमा खसेको पहिरो पूर्णरूपमा पहिरो हटाउन सकिएको छैन । सडकमाथिबाट खसेको पहिरो थुप्रो लागेको छ ।

राजमार्गका ठाउँठाउँमा सडकमाथिबाट बेलाबेलामा ढुंगा, लेदोमाटो झरिरहन्छ । कतिपय भिरका रुखहरू सडकतर्फ नै ढल्किएका देखिन्छन् । जापान सरकारको सहयोगमा १९ वर्ष लगाएर बनाइएको राजमार्ग तीन दिनको वर्षाले तहसनहस बनाइदिएको छ ।

महोत्तरीको बर्दिवासदेखि काभ्रेपलाञ्चोकको धुलिखेलसम्मको कूल १६० किलोमिटर लामो राजमार्गलाई चार खण्ड (पहिलो खण्ड बर्दिवास-सिन्धुलीमाढी ३७ किलोमिटर, दोस्रो खण्ड सिन्धुलीमाढी-खुर्कोट ३९ किलोमिटर, तेस्रो खण्ड सिन्धुलीको खुर्कोटदेखि नेपालथोकसम्म ३४ किलोमिटर र चौथो खण्ड नेपालथोकदेखि काभ्रेको धुलिखेलसम्म ५० किलोमिटर) मा विभाजन गरेर निर्माण गरिएको थियो ।

यसमध्ये तेस्रो खण्ड सिन्धुलीको खुर्कोटदेखि नेपालथोकसम्म ३४ किलोमिटर र चौथो खण्ड नेपालथोकदेखि काभ्रेको धुलिखेलसम्म ५० किलोमिटर सडकको विभिन्न भागमा बढी क्षति पुगेको छ ।

### राजमार्गको दुई खण्ड एकतर्फी सञ्चालन, एक खण्ड खुलाउने प्रयास

बिपी राजमार्गको पहिलो खण्ड बर्दिवास-सिन्धुलीमाढी ३७ किलोमिटर बाढीपहिरोले क्षति गरेको थिएन । यो खण्ड दुईतर्फ नै सञ्चालनमा छ । दोस्रो खण्ड सिन्धुलीमाढी-खुर्कोट ३९ किलोमिटर सडकको माथिल्लो बारा, तल्लो बारा क्षेत्रको सात ठाउँमा सानाठूला पहिरो खसेका थिए । दुई ठाउँमा खसेको ठूलो पहिरो एकतर्फ पन्छाएर सडक सञ्चालन गरिएको छ ।

(क्रमशः पृष्ठ २ मा)

प्राकृतिक विपत्तिको झट्का

# सत्ता गठबन्धनमा खटपट

- सुरुमा डा. शेखर कोइरालाले एमालेसँगको गठबन्धनमाथि प्रश्न उठाएमा बाढीपहिरोको वितण्डापछि कांग्रेस सभापति शेरबहादुर देउवा आफैंले ओलीको कार्यशैलीमाथि असन्तुष्टि जनाउन थालेका छन्
- बाढीपहिरोबारे एमाले मन्त्रीहरूले मुख खोलेका छैनन्
- प्रधानमन्त्री ओलीले भने काठमाडौं उत्रनसाथ बाढीपहिरोको क्षतिबारे आफ्नो धारणामात्र राखेनन् मन्त्रिपरिषद्को बैठक राख्नेदेखि विशेष पत्रकार सम्मेलनसम्म गर्न भ्याइसकेका छन्

■ प्रभाव संवाददाता

**काठमाडौं–** बाढीपहिरोको विपत्तिलगत्तै सत्तारुढ दलहरू नेपाली कांग्रेस र नेकपा एमालेबीच खटपट सुरू भएको छ । बाढीपहिरोले काठमाडौं उपत्यकामै ठूलो क्षति पुऱ्याउँदा पनि सरकार मूकदर्शक भएर बसेको भन्दै चौतर्फी आलोचना भएपछि दुई प्रमुख पार्टीबीचको असन्तुष्टि सतहमा देखिन थालेको हो । यसले झण्डै दुईतिहाइ बहुमत भएको सरकारलाई समेत संकटतर्फ धकेल्ने संकेत गरेको छ ।

कांग्रेसले मंगलबार संसदीय दलको बैठक राखी सरकारको चर्को आलोचना गरेको छ । जबकि देशको प्रमुख पार्टीले बाढीपहिरो आएकै दिन बैठक डाकेर सरकारलाई निर्देशन दिन सक्थ्यो । प्रधानमन्त्री केपी शर्मा ओली संयुक्त राष्ट्रसंघको कार्यक्रममा सहभागी हुन अमेरिका जाँदा कांग्रेसबाट नेतृत्व गरेर गएका प्रकाशमान सिंह (उपप्रधान तथा सहरी विकासमन्त्री)लाई कार्यवाहकको जिम्मेवारी दिएर गएका थिए । कार्यवाहक प्रधानमन्त्री सिंहमात्र हैन गृहमन्त्रीसमेत कांग्रेसकै रमेश लेखक छन् । यस्तो अवस्थामा पनि आफूले केही गर्न नसकेको लाज लुकाउन कांग्रेसले एमाले अध्यक्ष ओलीमाथि दोष थुपार्दै बाढीपहिरोले अवरुद्ध सडक जसरी पनि बनाएर दसैंमा घर जाने व्यवस्था मिलाउनसमेत सरकारलाई आग्रह गरेको छ । कांग्रेस सभापति एवं पार्टीका संसदीय दलका नेता शेरबहादुर देउवा नेतृत्वमा बसेको बैठकले वैकल्पिक मार्ग बनाएर भए पनि जनतालाई दसैंमा घर जाने व्यवस्था मिलाउन आफ्नै सरकारसँग जोडदार माग गरेको हो ।

बैठकपछि सरकारको कमजोरीबारे सोध्दा सञ्चारकर्मीसँग कड्किँदै देउवाले सबै कुरा गृहमन्त्रीलाई सोध्न भनेका थिए । गृहमन्त्री लेखक निकै कमजोर देखिएको भन्दै कांग्रेस महामन्त्री गगन थापाले मंगलबार दिउँसो राज्य व्यवस्था तथा सुशासन समितिमा प्रश्न उठाए । बैठकमाथि बैठकमात्र भएको तर गृह मन्त्रालयबाट गल्ती भएको दाबी गर्दै थापाले दोष थोपर्नेभन्दा पनि दोषको भागीदार बन्नुपर्ने बताए । 'बैठकमात्र भए । डुप्लिकेसन भए । यो छानबिनको विषय पनि होस्,' थापाले भने, 'रात्रिबस सञ्चालन नगर्ने भनेर निर्णय भएको देखिन्छ । फेरि सञ्चालन भएको देखिन्छ । यसको कसै न कसैले जिम्मा लिनैपर्छ ।'

काठमाडौं उपत्यकामै बाढीमा परी उद्धारको पर्खाइमा घण्टौंदेखि पर्खाइमा बसेका नागरिकलाई सेनाले हेलिकप्टर नदिँदा सरकारले बचाउन नसकेको गृहमन्त्री लेखकले बताएका थिए । यस विषयमा गम्भीर अनुसन्धान हुनुपर्ने माग थापाले गरे । 'नख्खुको विषयमा पनि यसको सत्यतथ्य पनि छानबिन गर्नुपर्छ । राजनीतिक कमजोरी हो भने स्वीकार गर्ने ।

(क्रमशः पृष्ठ २ मा)



## कमजोरी ढाकछोपमा उत्रिए प्रधानमन्त्री

■ जेबी योञ्जन

**काठमाडौं–** लगातार तीन दिने वर्षापछिको बाढीपहिरोले ठूलो जनधनको क्षति हुँदा प्रभावितहरूको उद्धारमा सरकार चुकेको भन्दै सर्वत्र आलोचित छ । प्रधानमन्त्री केपी शर्मा ओली देशले विपत्ति सामना गरिरहँदा छिटो स्वदेश नफर्किएर अमेरिकामा भाषणबाजीमा रमाउँदै हिँडेको भन्दै जनस्तरबाट आलोचना हुँदै आएको छ ।

कार्यवाहक प्रधानमन्त्री प्रकाशमान सिंह र गृहमन्त्री रमेश लेखकले विपद्पछिको उद्धार कार्य छिटो गर्न नसकेको भन्दै आलोचित बने । यसै विषयमा विस्तृत जानकारी दिन प्रधानमन्त्री ओलीले मंगलबार प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयमा पत्रकार सम्मेलन गरे ।

त्यस क्रममा उनले सरकारले विपद्का बेला प्रशंसायोग्य काम गरेको दाबी गरे । सरकारले उद्धार गरेकै कारण चार हजारभन्दा बढी बाढीपहिरो प्रभावित बाँचेको भन्न भ्याए । 'चार हजारभन्दा बढी मानिसलाई उद्धार नगरेको भए बाँच्न गाह्रो हुने थियो । चार हजारभन्दा बढीलाई बचाएको छ त ! उद्धार गरेर उहाँहरूको जीवन बचाएको छ । केही गर्दै नगरेको होइन,' उनले भने, 'तर, कहीँ कतै कमीकमजोरी भएको हुनसक्छ, आगामी दिनमा सच्याउनुपर्छ ।'

> चार हजारभन्दा बढी मानिसलाई उद्धार नगरेको भए बाँच्न गाह्रो हुने थियो । उद्धार गरेर उहाँहरूको जीवन बचाएको छ । सरकारले केही गर्दै नगरेको होइन । कहीँ कतै कमीकमजोरी भएको हुनसक्छ ।
>
> **केपी शर्मा ओली**
> प्रधानमन्त्री

(क्रमशः पृष्ठ २ मा)

सन्दर्भः वैदेशिक रोजगार

# प्राविधिक समस्याले रोकियो 'फेसटाइम' र 'आइरिस' प्रणाली

## असोज २९ बाट अनिवार्य लागू गरिने

■ प्रभाव संवाददाता

**काठमाडौं–** वैदेशिक रोजगारीमा जानुपूर्व लिइने अभिमुखीकरण तालिममा मंगलबारबाट लागू गर्न खोजिएको 'फेसटाइम एटेन्डेन्स' र 'आइरिस रिकग्निसन' प्रणाली रोकिएको छ । अभिमुखीकरण तालिमप्रदायक संस्थाहरूले उक्त प्रणाली जडान गर्न प्राविधिक समस्या आएको भनी गुनासो गरेपछि मिति सारिएको वैदेशिक विभागले जनाएको छ ।

विभागले मंगलबार नै एक सूचना जारी गर्दै दसैंअघि अर्थात् यही असोज १६ देखि २३ गतेसम्म बायोमेट्रिक फिंगरप्रिन्ट सिस्टमले काम गर्ने उल्लेख गरेको छ । यद्यपि दसैं बिदा सकिएलगत्तै असोज २९ गतेबाट फेसटाइम र आइरिस रिकग्निसन प्रणाली अनिवार्य लागू हुने बताइएको छ । यसका लागि आवश्यक पूर्वतयारी गर्न सबै अभिमुखीकरण व्यवसायीहरूलाई जानकारी दिइएको विभागले जनाएको छ ।

यसअघि विभागले असोज ११ गते सूचना जारी गर्दै असोज १५ गतेदेखि अनिवार्यरूपमा फेसटाइम र आइरिस प्रणाली लागू गर्न निर्देशन दिएको थियो । विभागले गत वर्षदेखि नै उक्त प्रणाली लागू गर्न खोजे पनि पटक-पटक स्थगित हुँदै आएको छ ।

अहिले पुनः प्राविधिक समस्या आएको तथा व्यवसायीहरूको अनुरोधमा केही दिनपछि लागू गर्नेगरी पर सारिएको विभागका महानिर्देशक सूर्यबहादुर खत्रीले बताए । 'व्यवसायीहरूले तत्काल सामग्री जुटाउन र जोड्न कठिनाइ भएको भन्दै केही समय पछि सार्न माग गर्नुभयो,' उनले भने, 'टेक्नोलोजी परिवर्तन गर्दा अलिअलि समस्या हुने नै भयो, त्यसलाई सम्बोधन गर्न पनि समय चाहिने भएकाले केही दिन थप गरेका हौं ।'



*प्रतीकात्मक तस्बिर*

विभागले अभिमुखीकरण तालिमप्रदायक संस्थाहरूलाई देखाएर आइरिस प्रणाली अहिलेलाई स्थगित गर्नुपरेको बताए पनि विभागकै कारण रोकिएको व्यवसायीहरू बताउँछन् । विभागले मंगलबारदेखि आइरिस प्रणाली लागू गर्ने सम्बन्धमा सबै अभिमुखीकरण तालिमप्रदायक संस्थाहरूलाई परिपत्र गरेको थियो । तर, लागू हुने दिन (मंगलबार) बिहान गरेको डेमो (नमूना) परीक्षणमा नै समस्या आएपछि एक्कासि समय सार्ने निर्णय आएको नेपाल वैदेशिक रोजगार अभिमुखीकरण व्यवसायी महासंघका अध्यक्ष राजाराम गौतमले बताए । 'व्यवसायीसँग समय सार्ने सम्बन्धमा कुनै सल्लाह भएको छैन, हामीले नौ महिना अगाडि नै सबै सिस्टम जडान गरेर बसेका छौं,' उनले भने, 'सिस्टम लागू गर्नुपर्ने निकायले नै व्यवसायीलाई देखाएर आफ्नो कमजोरी ढाकछोप गर्नु राम्रो होइन ।'

२०८० असोज ७ गते मन्त्रीस्तरीय निर्णयबाट अभिमुखीकरण तालिम सञ्चालन कार्यविधि, २०७६ मा दोस्रो संशोधन गरिएको थियो । संशोधनपश्चात् विभागले आवश्यक पूर्वाधार थप्न ३५ दिने सूचना जारी गरेको थियो । सोही आधारमा सबै व्यवसायीले ठूलो खर्च गरेर पूर्वाधार निर्माण गरेको अध्यक्ष गौतमले बताए । 'हामीले उही बेला १३ करोडभन्दा बढी लगानी गरेर आवश्यक पूर्वाधारसहित आइरिस सिस्टमसमेत जडान गरेका थियौं,' उनले भने । अहिले व्यवसायीको आग्रहमा समय सार्नुपरेको कुरा झूठो भएको अध्यक्ष गौतमले दाबी गरे ।

(क्रमशः पृष्ठ २ मा)

# इजरायलले पठायो केयर गिभरको सूची

**काठमाडौं (प्रस)–** इजरायलले दीर्घकालीन स्याहार केन्द्रका लागि चाहिने सहायक कामदार (केयर गिभर)मा लैजान छनोट भएका नेपालीहरूको सूची पठाएको छ । असोज १३ गते इजरायलको सरकारी निकाय जनसंख्या तथा अध्यागमन प्राधिकरण (पिबा)ले लक्की ड्रमार्फत छनोटमा परेकाहरूको सूची पठाएको विभागले जनाएको छ ।

नेपालले नामावली परीक्षणका लागि पठाएकामध्ये पिबाले लक्की ड्रमार्फत छनोट भएका एक हजार १५६ जना महिला र ९५६ पुरुष गरी दुई हजार ११२ जनाको सूची पठाएको विभागले जानकारी दिएको छ ।

सूचीमा परेका उम्मेदवारहरूलाई स्वास्थ्य परीक्षणलगायतका कार्य अर्को सूचनामार्फत जानकारी दिने विभागले उल्लेख गरेको छ । नेपाल सरकार र इजरायल सरकारबीच भएको जिटुजी श्रम सम्झौताअनुसार इजरायलमा दुई हजार केयर गिभर पठाउन विभागले गत असार ११ गते आवेदन माग गरेको थियो ।




## पृष्ठ १ बाट क्रमशः

## सत्ता गठबन्धनमा...

सिडिओ वा प्रहरी प्रमुखले नगरेको भए भन्नुपर्‍यो । कसै न कसैले यसको जिम्मा लिनैपर्छ । दोषी पत्ता लगाउनैपर्छ ।' कांग्रेसका अर्का सांसद दिलेन्द्र बडूले मौसम विभागले पूर्वसूचना दिए पनि सरकार चुकेको आरोप लगाए । उनीमात्र हैन कांग्रेसकै सांसद सरिता प्रसाईं पनि बैठकमा खरोरूपमा उत्रिइन् । उनले प्रधानमन्त्री ओली र गृहमन्त्री लेखकले विपत्तिको बेलामा मर्यादाहीन अभिव्यक्ति दिएको उनको आरोप थियो । 'विपद् व्यवस्थापनमा सरकार चुकेकै हो । मौसम विभागले पूर्वानुमान गर्दा पनि सरकारले व्यवस्थापन गर्न सकेन । अहिले राजमार्गमा हजारौं मान्छे अड्किएका छन् । तिनीहरूको तत्काल उद्धार गरियोस्,' उनले भनिन् ।

### ओलीको कार्यशैलीप्रति देउवा असन्तुष्ट

कांग्रेस-एमालेबीच अबको दुई वर्षसम्म केपी शर्मा ओली प्रधानमन्त्री बन्ने र चुनावी सरकारको नेतृत्व शेरबहादुर देउवाले लिने सहमति छ । तर, बाढीपहिरोपूर्व नै कांग्रेस संस्थापनइतरमा यो गठबन्धनलाई लिएर आलोचना सुरू भएको थियो । कांग्रेस महामन्त्री गगन थापाले देउवालाई साथ दिने बताइरहँदा संस्थापनइतरका नेता डा. शेखर कोइरालाले एमालेसँगको सहकार्यमाथि प्रश्न उठाउँदै आएका छन् ।

बाढीपहिरोको वितण्डापछि भने देउवा आफैंले ओलीको कार्यशैलीमाथि असन्तुष्टि जनाउन थालेका छन् । बाढीपहिरोको वितण्डामा प्रधानमन्त्री ओलीले कार्यवाहक प्रधानमन्त्री रहेका सिंहको नेतृत्वमा मन्त्रिपरिषद्को बैठक राख्न नदिएको निष्कर्ष कांग्रेसले निकालेको छ । यद्यपि कांग्रेसले यसको औपचारिक धारणा बनाएको छैन । कांग्रेस सभापति देउवाले विभिन्न सञ्चारमाध्यममा आफ्नो दूत खटाएर ओलीको कार्यशैलीमाथि विरोध गर्न आग्रह छन् । विपद्को बेला नख्खुमै हेलिकप्टर पठाउनसमेत ओलीको निर्देशन पर्खनुपरेको सरकारमा रहेका कांग्रेस मन्त्रीहरूको दाबी छ । बाढीपहिरोबारे एमाले मन्त्रीहरूले मुख खोलेका छैनन् । प्रधानमन्त्री ओलीले भने काठमाडौं उत्रनसाथ मन्त्रिपरिषद्को बैठक राख्नेदेखि विशेष पत्रकार सम्मेलनसम्म गर्न भ्याइसकेका छन् ।

कार्यवाहकको नेतृत्व सम्हालेका उपप्रधान तथा सहरी विकासमन्त्री सिंहले गत शनिबार मन्त्रिपरिषद्को आकस्मिक बैठक बोलाउन खोज्दा मुख्यसचिव एकनारायण अर्यालदेखि एमाले मन्त्रीहरूले आलटाल गरेको कांग्रेसभित्र सर्कुलर गरिएको छ । 'प्रकाशमान दाइले बैठक बसौं बसौं भनिरहनुभएको थियो । उहाँ छटपटिनुभएको थियो । तर के-के मिलेको छैन भन्नुभयो । त्यसपछि बैठक बस्नै सकेन,' कांग्रेसका एक मन्त्रीले भने । सिंहले बैठक डाक्ने भएपछि मुख्यसचिव अर्याल छल्न स्याङ्जा पुगेको कांग्रेसको निष्कर्ष छ ।

पछिल्लोपटक सहकारी ठगी प्रकरणमा मुछिएका राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछाने पक्राउ, उपसभामुख इन्दिरा रानामगरलाई हटाउनेलगायत विषयलाई लिएर कांग्रेस-एमालेबीच विवाद चर्किएको छ । रास्वपाका १४ नेता चीन जाँदा माओवादीसँग मिल्न लागेको भन्दै लामिछाने पक्राउ गर्न खोजिएपछि सबै नेतालाई तत्काल फिर्ता बोलाएको थियो । लगत्तै लामिछाने पक्राउ पर्ने सम्भावना टर्दै गएको बताइन्छ । लामिछानेलाई ओलीले काँध थापेसँगै उनी पक्राउ पर्ने सम्भावना टर्दै गएको कांग्रेस नेताहरूको दाबी छ । यस विषयमा कांग्रेससँग ओली असन्तुष्ट रहेको बताइएको छ । यसैगरी नेपाल बार एसोसिएसनका अध्यक्ष गोपालकृष्ण घिमिरेविरुद्ध सर्वोच्च अदालतमा परेको अवहेलनाको मुद्दाले पनि दुई पार्टीबीचको दूरी बढाएको छ । अध्यक्ष घिमिरे देउवानिकट अधिवक्ता हुन् ।

●●●

## कमजोरी ढाकछोपमा...

बाढीपहिरोपछि पीडितको उद्धार र राहतको काम सरकार एक्लैको नभएको बताए । सिंगो समाजको काम भएको उनको भनाइ छ । उद्धारमा सरकारको गम्भीर कमजोरी भएपछि उनले सरकारको मात्रै उद्धार गर्ने दायित्व नभएको भन्दै पन्छिएका हुन् ।

उनले भने, 'राहत र उद्धार सिंगो समाजको विषय हो । सरकारको मात्रै होइन । सरकार यसबाट मर्माहत छ । केही ठाउँमा ढिलो भएको हुनसक्छ । तर जानीजानी हुँदैन । केही ठाउँमा यता प्राथमिकता भएर एता दौडियो । उता दौडियो ।'प्रधानमन्त्री ओलीले सरकार विपद्को तयारीमा कमजोर रहेको छर्लंग पारेका छन् । उनको भनाइलाई आधार मान्ने हो भने सरकारले विपद्पछिको प्रतिकार्यमा त ध्यानै दिएको थिएन । मौसम पूर्वानुमान महाशाखाले ठूलो वर्षा हुने र त्यसको क्षति पनि सोहीअनुसार हुने भन्दै सचेत गराए पनि ओलीको भनाइ सुन्दा सरकार प्रतिकार्यमा सरिक थिएन ।

'हाम्रो तयारी यसप्रकारको परिस्थितिका लागि थिएन । हाम्रो मानसिकता यसप्रकारको परिस्थिति आउला भन्ने सोच थिएन,' ओलीले भने, 'यस प्रकारको पहिरो जाला, यसप्रकारको भौतिक क्षति होला, यस प्रकारको मानवीय क्षति होला भन्ने अनुमान थिएन ।' प्रधानमन्त्री ओली स्वदेश फर्कंदा २०० भन्दा बढी नेपाली नागरिकले बाढीपहिरोमा ज्यान गुमाइसकेका थिए । कयौं बेपत्ता तथा घाइते भएका थिए । यही असोज ११ र १२ गते परेको वर्षाले क्षति पुर्‍याएको हो । नेपाली जनता भीषण बाढीपहिरोमा परेकै बेला ओलीले आफू १२ गते हिँडेको भन्दै जनताप्रति उत्तरदायी देखाउने प्रयास गरेका छन् ।

यद्यपि, उनले उद्धार कार्यमा कतै कमजोरी देखिएको भए शिक्षा लिएर आगामी दिनमा त्यसो हुन नदिने वचनबद्धता गरे । गृहमन्त्री रमेश लेखकलाई बचाउन पनि ओली लागेको देखियो । नख्खु खोलाबाट झण्डै चार घण्टा उद्धारका लागि हारगुहार गर्दासमेत हेलिकप्टबारमार्फत उद्धार नगरिँदा गैरजिम्मेवार बनेको भन्दै गृहमन्त्री लेखक आलोचित भइरहँदा प्रधानमन्त्री ओलीले उनको कमजोरीलाई पनि ढाकछोप गर्ने प्रयास गरे ।

'गृहमन्त्रीजीकहाँ मान्छे बगेको रिपोर्ट आयो । आफैं गएर हेर्नसक्ने त कुरा आएन । मान्छे बगे । उद्धार गर्न सकिएन । बगाएर लग्यो । त्यहाँका मान्छेले जे रिपोर्ट दिए । गृहमन्त्रीजीले यही भाषा बोल्नुभयो,' प्रधानमन्त्री ओलीले भने । उनले नख्खु खोलाले बगाएकामध्ये दुई जना बुबा र छोरीको उद्धार गरेको भन्दै चणिकलाल तामाङलाई धन्यवाद ज्ञापन गरे । तर, यस विषयलाई लिएर सरकार वा सुरक्षा निकायमाथि अयोग्य भनेर अर्थ्याउन नहुने पनि बताए ।

### प्रतिकार्यमा सुस्त दल र समिति

बाढीपहिरोजस्ता विपद्मा प्रभावितको छिटो उद्धारका लागि राजनीतिक दलहरूको भूमिका क्रियाशील देखिनुपर्छ । चुनावमा भोट हाल्ने नागरिकलाई बचाउनु उनीहरूको दायित्व पनि हो । तर, दलहरू नागरिकको दुःखमा सँगै छैनन् भन्ने पुष्टि भएको छ ।

कारण, विपद्का बेला मौन बसेका दलहरूले बल्लतल्ल औपचारिकता पूरा गर्न विज्ञप्ति जारी गरेर उद्धार, राहत र पुनःस्थापनको क्षेत्रमा काम गर्न पार्टी मातहतका नेता कार्यकर्तालाई निर्देश गर्न थालेका छन् । मंगलबार बसेको सत्ता नेतृत्व दल नेकपा एमालेको सचिवालय बैठकले पार्टीको नियमित काम रोकेर राहत र उद्धारमा परिचालित हुन पार्टी पंतिलाई निर्देश गरेको छ । पार्टी महासचिव शंकर पोखरेलका अनुसार बैठकले बाढी तथा पहिरोमा परेर मृत्यु भएकाहरूको परिवार र घाइतेहरूको अभिभावकका रूपमा राज्य प्रस्स्तुत हुनुपर्नेमा जोड दिएको छ ।

साथै, लाइफलाइनका रूपमा रहेका सडकहरू सञ्चालन गर्न पहिलो प्राथमिकता दिन सुझाएको महासचिव पोखरेलले जानकारी दिए । क्षतिको यकीन विवरण संकलन गर्न र धान लगायतका कृषि बालीमा परेको असर हेरेर सम्बोधन गर्न पनि आग्रह गरेको छ । अर्को सत्ता साझेदार दल नेपाली कांग्रेसले भने बाढीपहिरो प्रभावित क्षेत्रमा पार्टीका जिल्ला र गाउँ नगर कार्यसमितिको बैठक बसी स्थानीय सरकारसँग समन्वय गरी उद्धार, राहत र पुनःस्थापना कार्यमा अग्रसरता लिने भएको छ ।

महामन्त्री गगनकुमार थापाको अध्यक्षतामा बसेको पार्टीको 'बाढीपहिरोपीडित राहत तथा पुनःस्थापना समन्वय समिति'को सोमबार बसेको बैठकले उपरोक्त कार्यका लागि आवश्यक समन्वय गर्नेसमेत निर्णय गरेको हो ।

बैठकले बाढीपहिरोग्रस्त क्षेत्रमा भएको जनधनको क्षति र बाढीपहिरोको कारण नागरिकले भोग्नुपरेको कठिनाइ, उद्धार, राहत, सुरक्षा र पुनःस्थापनालगायत विषयमा अविलम्ब काम गर्न पार्टीको तर्फबाट प्रधानमन्त्रीलाई सुझावपत्र बुझाउने निर्णय गरेको छ । यसैगरी, बाढीपहिरोबाट बढी प्रभावित प्रदेशका प्रदेश सरकारलाई उद्धार, राहत र पुनःस्थापनाका सन्दर्भमा थप क्रियाशील बनाउन कांग्रेस प्रदेश कार्यसमितिको तर्फबाट ध्यानाकर्षण गराइने र त्यसका लागि पार्टी केन्द्रले, प्रदेश कार्यसमितिसँग आवश्यक समन्वय र सहजीकरण गर्ने निर्णय गरेको छ ।

प्रमुख विपक्षी दल नेकपा माओवादी केन्द्रले बाढीपहिरोको क्षतिसम्बन्धी स्थानीय तह र प्रदेशबाट तथ्यांक संकलन गर्न केन्द्रीय कार्यालयमा 'हेल्प डेक्स' राख्ने भएको छ । आइतबार माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहालनिवास खुमलटारमा बसेको केन्द्रीय पदाधिकारी बैठकले उक्त निर्णय गरेको हो । बैठकले मौसम पूर्वानुमानअनुसार बाढीपहिरो र त्यसबाट हुनसक्ने क्षतिको आँकलन हँदाहुँदै सरकारले जोखिम पहिचान र पूर्वतयारीमा ध्यान नदिँदा जनधनको क्षति बढ्न पुगेको निष्कर्ष निकालेको थियो ।

यस्तै, प्रतिनिधिसभाअन्तर्गतको राज्य व्यवस्था तथा सुशासन समितिले गत असोज ११ र १२ गतेको भारी वर्षापछि बाढी, पहिरो र डुबानका कारण विभिन्न राजमार्गहरूमा अलपत्र परेका यात्रुहरूलाई तुरुन्तै उद्धार गरी गन्तव्यमा पुर्‍याउन सरकारलाई निर्देशन दिएको थियो । मंगलबार बसेको बैठकले थप जनधनको क्षति हुन नदिनका लागि आवश्यक सबै प्रकारका तयारी गर्न पनि सरकारलाई निर्देशन दिएको छ । समितिले राहत र पुनःस्थापनाका काम तदारुकताका साथ अगाडि बढाउन सरकारलाई निर्देशन दिएको छ ।

●●●

## सवारीसाधनको चाप...

तेस्रो खण्ड खुर्कोट-नेपालथोकको विभिन्न भागमा कतै पहिरो पन्छाएर र भत्किएको ठाउँमा अस्थायी डाइभर्सन बनाएर एकतर्फी यातायात सञ्चालनमा ल्याइएको छ ।

### कानढुंग्रीमा डाइभर्सन निर्माण

बिपी राजमार्गअन्तर्गत खुर्कोट-नेपालथोक खण्डको सुनकोशी गाउँपालिका-७ कानढुंग्रीमा चिराचिरा परेर सुनकोसी नदीतर्फ धसिएपछि सोही सडकको भित्तातर्फ डाइभर्सन बनाएर एकतर्फी सडक सञ्चालन गरिएको छ । शनिबार साँझसम्म सञ्चालनमा रहेको सडक आइतबार बिहान कालोपत्रसहित धसिएर नदीमा खसेको थियो । सोही सडकको भित्तापट्टीबाट ५० मिटर डाइभर्सन सडक बनाएको हो । खुर्कोट-नेपालथोक खण्डको ३२ ठाउँमा माथिबाट खसेको ढुंगामाटो पहिरो र लेदोमाटो एकतर्फ पन्छाएर सडक एकतर्फी सञ्चालन गरिएको छ ।

### रोशी र घ्याम्पे खोलालाई डाइभर्सन गरिँदै

बिपी राजमार्गअन्तर्गत नेपालथोक-धुलिखेल खण्डको काभ्रे र सिन्धुलीको सिमाना छेउ नेपालथोक देविस्थानमा रोशी र घ्याम्पे खोलाले बगाएको सडक सञ्चालन गर्न मंगलबारदेखि ट्र्याक खोल्ने काम सुरु भएको छ । सडक डिभिजन कार्यालय खुर्कोटका प्रमुख पारशमणि हमालका अनुसार एस्काभेटरको सहयोगमा खोलालाई पूर्वतर्फ डाइभर्ट गरी अस्थायी ट्र्याक खोल्ने काम सुरु गरिएको हो । बाढी बगाएको १०० मिटर सडकमा रोशी खोलालाई डाइभर्ट गरेर अस्थायी ट्र्याक निर्माण सुरु गरिएको उनले बताए ।

उनका अनुसार यो ट्र्याक खुलेपछि काभ्रेको मंगलटारसम्म सवारी सञ्चालन हुने र भकुण्डबेंसीदेखि रोशी खोलासम्मको १० किलोमिटर क्षेत्रमा बगाएको सडकमा ट्र्याक खोल्नुपर्ने हुन्छ । बर्दिवासदेखि धुलिखेलसम्मको तीन खण्डको ११० किलोमिटर सडकमा यातायात सञ्चालन गर्न सकिने र ५० किलोमिटर पुनर्निर्माणको चरणमा रहेको उनले बताए ।

नेपालथोकबाहेक यो खण्डमा छ स्थानमा रोशीको बाढीले कालोपत्रसहितको सडकमा पूर्णरूपमा क्षति गरेको छ । नेपालथोक-धुलिखेल खण्डमा डेढ किलोमिटर सडक पूर्ण क्षति भएको अनुमान छ । सबैभन्दा बढी काभ्रेको चौकीडाँडामा आधा किलोमिटर सडक रोशीको बाढीले खसालेको छ । रोशीगाउँपालिकाको कालढुंगा र बोक्सीकुनामा २०० मिटरभन्दा बढी सडकमा पूर्णरूपमा क्षति भएको छ । थली बेसीमा पनि रोशीखोलाले २०० मिटर र नार्के पुलनजिक २०० मिटरको हाराहारीमा सडक रोशी खोलाको बाढीले बगाएको छ । रोशी खोलामा बाढी घटेकाले खोलालाई डाइभर्सन गरेर अस्थायी सडक निर्माण गर्न स्थानीयले सुझाएका थिए ।

वि.सं. २०५० को भीषण वर्षाले राजधानीलाई देशको अन्य भागसँग जोड्ने त्रिभुवन राजपथ तथा पृथ्वी राजमार्गमा व्यापक क्षति भई जनजीवन अस्तव्यस्त र सडक सम्पर्क टुटेपछि नेपाल सरकारले बिपी राजमार्गलाई वैकल्पिकमार्गका रूपमा विकास गरेको थियो । राजमार्ग पूर्णरूपमा कहिलेसम्म सञ्चालनमा आउँछ भन्ने अनिश्चित छ । यद्यपि, दसैंअघि नै राजमार्ग पूर्णरूपमा सञ्चालनमा ल्याउने प्रयासस्वरूप जिल्लाका जनप्रतिनिधिसहित सरोकारवाला सबैपक्ष जुटेका छन् । *रासस*

## प्राविधिक समस्याले...

अभिमुखीकरण तालिमप्रदायक संस्थाहरूले विदेश जाने कामदारहरूलाई तालिम नै नदिई प्रमाणपत्र दिने गरेको भन्दै चौतर्फी आलोचना भएपछि यसको सुधारका लागि श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले अभिमुखीकरण तालिमसम्बन्धी कार्यविधि, २०७६ संशोधन गरेर मापदण्ड थप गरेको थियो । जसमा प्रत्येक प्रशिक्षण कक्षामा ८४ इन्चको (एन्ड्रोइड १३, र्‍याम आठ जिबी, एचडिडी १२८ भएको) स्मार्ट बोर्ड दुईवटा, कम्प्युटर, प्रिन्टर र विभागको फेइम्स प्रणालीसँग मेल खाने आइरिस रेटिना हाजिर मेसिन (आइरिस स्क्यानर) अनिवार्य हुनुपर्ने व्यवस्था गरिएको छ ।


## कुवेतमा रोजगार

कम्पनी : Streetza Company For Pies, Pastries & Sweets

पूर्व स्वीकृति मिति : २०८१/०६/१५ | LT. No. 311601 | चलानी नं. ६०२२६०९१

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Pizza Maker | 5 | 0 | 150 | ६५,७६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी : Aryam Alahlia General Trading and Contracting Company

पूर्व स्वीकृति मिति : २०८१/०६/१५ | LT. No. 311603 | चलानी नं. ६०२२६०९०

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | MASSAGIST | 6 | 0 | 150 | ६५,७६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी : NOBU SPA MEN"S HEALTH INSTITUTE COMPANY

पूर्व स्वीकृति मिति : २०८१/०६/१५ | LT. No. 311606 | चलानी नं. ६०२२६०८८

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | MANICURE/PEDICURE | 5 | 0 | 150 | ६५,७६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी : AVE RESTAURANT COMPANY

पूर्व स्वीकृति मिति : २०८१/०६/१५ | LT. No. 311605 | चलानी नं. ६०२२६०८९

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Coffee Maker | 4 | 0 | 130 | ५७,१७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Runners | 3 | 0 | 100 | ४३,९७५ | | | | | | | |
| 3 | Waiters | 2 | 0 | 130 | ५७,१७० | | | | | | | |
| 4 | Waitress | 0 | 2 | 130 | ५७,१७० | | | | | | | |

कम्पनी : Hair Dryer Salon Company And Health Institute For Women's Beauty

पूर्व स्वीकृति मिति : २०८१/०६/१५ | LT. No. 311607 | चलानी नं. ६०२२६०८७

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Beautician | 0 | 2 | 150 | ६५,९६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Hair Dresser | 0 | 2 | 150 | ६५,९६५ | | | | | | | |
| 3 | Helper/cleaner | 0 | 2 | 150 | ६५,९६५ | | | | | | | |
| 4 | Manicure/pedicure | 0 | 2 | 150 | ६५,९६५ | | | | | | | |
| 5 | Nail Technicians | 0 | 2 | 150 | ६५,९६५ | | | | | | | |
| 6 | Receptionist | 0 | 2 | 150 | ६५,९६५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ असोज २३ गते (9th Oct. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Omega International Pvt. Ltd.
Basundhara, Kathmandu, Nepal, Ph. No: +977-4954327, 4954337, E-mail : info@omeganepal.com, Website : www.omeganepal.com
Govt. License No. 1352/074/075



## युएईमा रोजगार

कम्पनी : AASA MIDDLE EAST CONTRACTING CO LLC

पूर्व स्वीकृति मिति : २०८१/०६/१५ | LT. No. 311600 | चलानी नं. ६०२२६०९२

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | LABOURER BUILDING WORKER | 150 | 0 | 900 | ३२,९१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ असोज २३ र २४ गते (9 & 10 Oct. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

PARADISE HUMAN RESORCE PVT. LTD
KMC-9, Jamuna Galli, Kathmandu, Tel: 01-5921521, 5921522, Email: paradisehuman123@gmail.com, info@paradisehumanresource.com.np, Web: www.paradisehumanresource.com.np
श्रम ईजाजत नं. १६८४/०८०/८१



## अधिकतम खुद्रा बिक्री मूल्य (MRP) प्रकाशनको सूचना


यस GK Group Pvt. Ltd. कम्पनीले CHINA बाट पैठारी गरेको देहायको मालवस्तुहरूको अधिकतम खुद्रा बिक्री मूल्य (MRP) निम्न बमोजिम भएको व्यहोरा सर्वसाधारण जानकारीका लागि प्रकाशन गरिएको छ ।

| सि. नं. | मालवस्तुको विवरण | आकार प्रकार | ब्राण्ड | मोडल | क्षमता | उत्पत्तिको मुलुक राष्ट्र | ईकाई | ईकाई प्रति मूल्य | प्रति ईकाई अधिकतम खुद्रा बिक्री मूल्य (MRP) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | RANGEHOOD CHIMNEY | N/A | SMART | 24SM3Y820 | N/A | CHINA | PCS | 7,315.00 | 8,315.00 | |
| 2 | RANGEHOOD CHIMNEY | N/A | SMART | 24SM3Y900 | N/A | CHINA | PCS | 9,485.00 | 10,685.00 | |
| 3 | RANGEHOOD CHIMNEY | N/A | SMART | 24SM1Y900 | N/A | CHINA | PCS | 7,455.00 | 8,455.00 | |
| 4 | RANGEHOOD CHIMNEY | N/A | SMART | 24SM4Y750 | N/A | CHINA | PCS | 11,060.00 | 12,460.00 | |

बिक्रेताको फर्मको नाम: GK Group Pvt. Ltd. | स्थायी लेखा नं: 601889022

ठेगाना: Pespsikola-32, Kathmandu, Nepal | फोन नं: 9801171012


## आजको राशिफल



आचार्य श्री स्वामी ध्रुव, माइण्ड मेनेजमेन्ट गुरु
इन्टरनेसनल एस्टोलोजिकल फोरम
सानेपा, काठमाडौं, नेपाल
फोन : ९८४१५९२५५२,
Email: dhruvswamig@gmail.com

बुधबार, १६ असोज, २०८१

- **मेष** परिबन्धले अप्ठ्यारो स्थिति निम्त्याउन सक्छ।
- **वृष** धर्मकर्म र सेवामूलक काममा प्रवृत्त गराउनेछ।
- **मिथुन** मान्यजनको मार्गदर्शन अनुचित लाग्नेछ ।
- **कर्कट** परिस्थिति सोचेजस्तो लक्ष्य प्राप्तिमा विलम्ब हुनेछ ।
- **सिंह** अवसर प्राप्त भए पनि उपलब्धि हातपार्न समय लाग्नेछ
- **कन्या** परिस्थितिवश विवादास्पद जिम्मेवारी वहन गर्नुपर्ला ।
- **तुला** आफ्नै बेहोसीले नोक्सान पुर्याउला।
- **वृश्चिक** समय फुर्सदिलो रहनाले भेटघाट गर्ने अवसर हुनेछ।
- **धनु** शुभचिन्तकहरूको साथले काममा उत्साह जाग्नेछ ।
- **मकर** केही काम रोकिनाले रकम हातलागी नहुन सक्छ।
- **कुम्भ** कमजोरीले केही समस्या उब्जाए पनि कार्य सम्पादन ।
- **मीन** रोकिएका काम बन्नाले उत्साह जाग्नेछ ।

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला पहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक पहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| विशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५/६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्ड्स् अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ओम हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६/६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्स/शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातव्य चिकित्सालय/शववाहन सेवा (काठमाडौं) भक्तपुर रेडक्रस | ४२५५५४०/४२५५५४१ |
| | ६६१२२६६ |
| एम्बुलेन्स/रक्तसञ्चार सेवा नेसनल किड्नी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आइघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर ट्याक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

१६ असोज, २०८१ (०२ अक्टुवर, २०२४)

| मुद्रा | एकाइ | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रुपैयाँ | १०० को | १६०।०० | १६०।१५ |
| अमेरिकी डलर | १ को | १३४.०६ | १३४.६६ |
| युरो | १ को | १४७.९८ | १४८.६४ |
| पाउन्ड स्टिर्लङ | १ को | १७५.९६ | १७६.७५ |
| स्विस फ्रेन्क | १ को | १५७.४३ | १५८.१४ |
| अस्ट्रेलियन डलर | १ को | ९०.२६ | ९०.६६ |
| क्यानाडियन डलर | १ को | ९९.०१ | ९९.४६ |
| सिङ्गापुर डलर | १ को | १०२.३९ | १०२.८४ |
| जापानी येन | १० को | ९.१८ | ९.२२ |
| चिनियाँ युआन | १ को | १८.८२ | १८.९१ |
| साउदी अरब रियाल | १ को | ३५.७२ | ३५.८८ |
| कतारी रियाल | १ को | ३६.७८ | ३६.९४ |
| थाई भाट | १ को | ३.९१ | ३.९३ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ३६.५० | ३६.६६ |
| मलेसियन रिङेट | १ को | ३०.६९ | ३०.८३ |
| दक्षिण कोरियन वन | १०० को | ९.९९ | १०.०४ |
| स्विडिस क्रोनर | १ को | १३.०१ | १३.०७ |
| डेनिस क्रोनर | १ को | १९.८४ | १९.९३ |
| हङकङ डलर | १ को | १७.१९ | १७.२७ |
| कुवेती दिनार | १ को | ४३८.६८ | ४४०.६४ |
| बहराइन दिनार | १ को | ३५५.६४ | ३५७.२४ |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्यावधिक विनिमय दर बैंकको वेबसाइट www.nrb.org.np मा उपलब्ध हुनेछ ।

राज्य व्यवस्था समितिमा सांसदको प्रश्न

# विपद् प्रतिकार्यमा किन कमजोरी भयो ?

**काठमाडौं–** सांसदहरूले विपद् प्रतिकार्यमा किन कमजोरी भयो भनी सरकारसँग प्रश्न गरेका छन् । प्रतिनिधिसभाअन्तर्गतको राज्य व्यवस्था समितिको मंगलबारको बैठकमा उनीहरूले विपद्पछिको खोज, उद्धार र राहत वितरणको काम प्रभावकारी हुन नसकेको उल्लेख गरे ।

बाढीपहिरोका कारण अवरुद्ध राजमार्ग तत्काल सञ्चालन गर्न नसक्दा अझै पनि नागरिकहरू सडकमा अलपत्र परेका जनाउँदै उनीहरूले अलपत्र नागरिकलाई यथाशीघ्र उद्धार गरी गन्तव्यमा पुर्‍याउन सरकारले ध्यान केन्द्रित गर्नुपर्नेमा जोड दिए ।

सांसद रवि लामिछानेले विपद्का समयमा अनवरत खट्नुपर्ने जिम्मेवार पदाधिकारी नै मुलुकबाहिर हुँदा प्रतिकार्यमा कमजोरी भएको सरकारले स्वीकार्नुपर्ने बताए । 'राष्ट्रिय आपत्कालका बेला जिम्मेवार पदाधिकारी नै गैरजिम्मेवार बने, जुन ढंगको तयारी हुनुपर्नेथ्यो, त्यसखालको तदारुकता देखिएन, झारा टार्ने काम भयो,' उनले भने, 'स्रोत साधन र क्षमता सीमित छ, तर असिमित इच्छाशक्ति भएको भए धेरै क्षति न्यूनीकरण गर्न सकिन्थ्यो ।'

सांसद गगनकुमार थापाले राष्ट्रिय विपत्तिका बेला सबै सरकार, राजनीतिक दल र नागरिक एकताबद्ध हुनुपर्ने र जिम्मेवारी तहमा बसेका पदाधिकारीले आ-आफ्नो जिम्मेवारी पूरा गर्नुपर्नेमा जोड दिए । 'बैठक धेरै भए, कतिपय निर्णय 'डुब्लिकेसन' भएका छन्, अब धेरै बैठक बस्नु पर्दैन, भएका निर्णय कार्यान्वयन गर्ने हो,' उनले भने ।

सांसद चित्रबहादुर केसीले विपद्का समयमा वादविवाद नगरी राष्ट्र र जनताको पीडामा सिंगो मुलुक एकजुट हुनुपर्ने बताए । 'सडकमार्ग अवरुद्ध छ, त्यही मौकामा प्लेनका व्यापारीले अस्वभाविक भाडा बढाएका छन्, सरकार भएको ठाउँमा यस्तो हुन्छ ?,' उनले प्रश्न गरे, 'व्यापारीको तजबिजीमा मात्रै मुलुक चल्ने हो र ?'

सांसद रघुजी पन्तले विपद् प्रतिकार्यलाई चुस्त बनाउन सरकारले आफ्नो क्षमता बढाउनुपर्ने धारणा राख्दै बाढीपहिरोले भत्काएका संरचना निर्माण गर्न अन्तर्राष्ट्रिय सहायता लिन ढिलाइ गर्न नहुने बताए । 'सडक बन्द भएको अवस्था छ, यही बेला हवाई भाडा वृद्धि भएको छ, आधारभूत संरचना ध्वस्त हुँदा त्यसको मर्मत गर्न अन्तर्राष्ट्रिय सहायता लिनु उचित हुन्छ,' उनले भने ।

सांसद राजेन्द्र पाण्डेले सम्भावित जोखिमलाई मध्यजनर गर्दै सरकारले 'ट्राभल एडभाइजरी' जारी गरेको भए पनि राजमार्गमा किन निर्बाध यातायातका साधन चल्न दिएको भनी प्रश्न गरे । उनले राष्ट्रिय विपद्का बेला राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण निकम्मा बनेको आरोप लगाए ।

सांसद प्रकाश अधिकारीले एक साताअघिदेखि नै ठूलो पानी पर्ने पूर्वानुमान गरिए पनि नदी किनारामा रहेका नागरिकलाई सुरक्षित स्थानमा स्थानान्तरण गर्न किन ढिलाइ गरेको भन्दै प्रश्न गरे । 'राजमार्गमा किन निर्बाध रात्रि बस चलाउन दिएको,' उनले प्रश्न गरे, 'विपद्पछि आउनसक्ने जनस्वास्थ्य चुनौती सामना गर्न सरकारको के तयारी छ ?'

सांसद दीलेन्द्रप्रसाद बडुले ठूलो मनसुनी वर्षा हुने पूर्वानुमान र पूर्वचेतावनीकाबीच राजमार्गमा यातायात चल्न दिनु कमजोरी भएको बताए । 'फेरि पानी पर्ने पूर्वानुमान गरिएको छ, अब नागरिकको सुरक्षाका लागि भए पनि राजमार्गमा यातायात बन्द गर्नुपर्छ,' उनले भने, 'पूर्वतयारी र प्रतिकार्यका लागि स्थानीय तहलाई साधनस्रोत सम्पन्न बनाइनुपर्छ ।'

सांसद सरिता प्रसाईंले पछिल्लो विपद्को सन्दर्भमा पूर्वानुमानका बारेमा पर्याप्त सूचना प्रवाह भए पनि पूर्वचेतावनी कार्यान्वयनमा सरकार चुकेको बताइन् । 'पुनः बदली हुने पूर्वानुमान छ, अझै पनि राजमार्गमा सयौं नागरिक अलपत्र छन्, अलपत्र यात्रीलाई तत्काल उद्धार गरेर गन्तव्यमा पुर्‍याऔं,' उनले भनिन् ।

सांसद बुद्धिमान तामाङले बुधबारदेखि पुनः मौसम बदली हुने पूर्वानुमानले नागरिकलाई झन् त्रसित बनाएको जनाउँदै पूर्वतयारीमा कुनै कमजोरी नगर्न सरकारको ध्यानाकर्षण गराए । सांसद सर्वेन्द्रनाथ शुक्लाले विषम् मौसमी अवस्था आउँछ भनेर पूर्वानुमान गरिएको, सावधानीका लागि पूर्वचेतावनी पनि जारी गरिएको अवस्थामा सरकारले पूर्वतयारीमा ठूलो कमजोरी गरेको आरोप लगाए ।

बैठकमा नेपाल यातायात व्यवसायी राष्ट्रिय महासंघका वरिष्ठ उपाध्यक्ष पुण्यप्रसाद सिटौलाले बाढीपहिरोले सडक अवरुद्ध हुँदा सयौं यातायात मजदुर राजमार्गमा अलपत्र परेको जनाउँदै उनीहरूलाई न्यूनतम आधारभूत सेवा दिनेतर्फ स्थानीय सरकारले प्रभावकारी काम गर्न नसकेको बताए । 'बिपी राजमार्गमा अझै पनि ५०० बस अलपत्र छन्, चित्लाङमा ५० वटा गाडी अड्किएका छन्,' उनले भने 'यात्रीको उद्धार भयो तर यातायात मजदुर अलपत्र छन् ।' *रासस*

# गंगालालको मुटुरोग उपचार सेवा विस्तार गरिँदै

काठमाडौं (प्रस)- बाँसबारीस्थित सहिद गंगालाल राष्ट्रिय हृदय केन्द्रले सबै प्रदेशमा मुटुरोग उपचारका लागि संयन्त्र विस्तार गर्ने भएको छ । केन्द्रका अध्यक्ष एवं स्वास्थ्य तथा जनसंख्यामन्त्री प्रदीप पौडेलको अध्यक्षतामा मंगलबार बसेको सञ्चालक समिति बैठकले संघीय राजधानी काठमाडौंबाट उपलब्ध मुटुरोग उपचार सेवा सबै प्रदेशमा विस्तार गर्ने निर्णय गरेको हो ।

मन्त्रालयको योजनानुसार मुटुरोग उपचार सेवा विस्तार गर्ने निर्णय गर्दै यसका लागि आवश्यक प्रक्रियाअघि बढाउन निर्देशन दिएको मन्त्रालयले जनाएको छ । स्वास्थ्य मन्त्रालयसँगको समन्वयमा अब केन्द्रले बागमतीबाहेक थप छ प्रदेशमा सेवा विस्तारको काम अघि बढाइने छ ।

सबै प्रदेशमा प्रादेशिक अस्पतालमार्फत विशिष्टीकृत उपचार विस्तार गर्ने योजनाअन्तर्गत क्यान्सर रोगको उपचार सुरु भइसकेको जानकारी दिँदै मन्त्री पौडेलले केन्द्रमार्फत मुटुरोगको उपचारका लागि प्रदेशस्तरमा संयन्त्र विस्तार गर्ने निर्णय भएको बताए । उनले गत साउन २७ गते सार्वजनिक गरेको योजना तथा प्राथमिकताअनुसार प्रादेशिक अस्पतालहरूमार्फत विशिष्टीकृत उपचार सेवा विस्तार गर्न लागिएको स्पष्ट पारे ।

अर्थ मन्त्रालयबाट स्वीकृत भएसँगै अब सबै प्रदेशमा जलन उपचार सेवासमेत निःशुल्करूपमा सञ्चालन गर्ने प्रक्रिया अघि बढेको स्वास्थ्य मन्त्रालयका प्रवक्ता डा. प्रकाश बुढाथोकीले जानकारी दिए ।


## ट्रेकिङ गाईड लाईसेन्स हराएको सूचना

मिति २०८१/०५/१४ गते ११ बजे नयाँबजार बाट ठमेल सम्म जादा मेरो निम्न विवरणको ट्रेकिङ गाईड लाईसेन्स हराएको हुदा भेटाउनु हुने व्यक्तिले नजिकको प्रहरी कार्यालय वा तल दिएको नम्बरमा सर्म्पक गरिदिनु हुन विनम्र अनुरोध गर्दछु ।

**नाम: सुमन ढकाल**
**ठेगाना: बुंकोट- ७, गोरखा**
**हालको ठेगाना: का.म.न.पा., वडा नं.- १६**
**हराएको सामानको विवरण: ट्रेकिङ गाईड लाईसेन्स**
**कागजातको नं.: १५८५७**
**सर्म्पक नम्बर: ९८४३६३२६२३**

## मोटरसाइकल हरायो

मिति २०८१/०४/३१ गते का.जि. भुतखेलबाट दिउँसो २:२० बजेको समयमा पार्किङमा रहेको बजाज कम्पनीको पल्सर **220CCF** कालो रातो रङको **बा. प्र. ०२-०४८प९६५९** नम्बरको मोटरसाईकल हराएको हुँदा पाउनुहुने महानुभावले नजिकको प्रहरी कार्यालय वा निम्न ठेगानामा खबर गरीदिनु होला ।

सवारी धनी: **सन्तोष सोती**
ठेगाना : दुर्गाथली गा.प.२, बझाङ
सम्पर्क नं. : ९८६६५४३९५३
च्या.नं. : MD2A13EX3NCM85890
ई.नं. : DKXCNM40161

## मोटरसाइकल हरायो

मिति २०८१/०५/१४ गते का.जि. टोखा न.पा.३, ढलपलस्थित कारखाना नजिकबाट बेलुकी ७:०० बजेको समयमा पार्किङमा रहेको बजाज कम्पनीको पल्सर **220CC** रातो कालो रङको **बा. प्र. ०२-०५१प२०९७** नम्बरको मोटरसाईकल हराएको हुँदा पाउनुहुने महानुभावले नजिकको प्रहरी कार्यालय वा निम्न ठेगानामा खबर गरीदिनु होला ।

सवारी धनी: **डिलि कुमार श्रेष्ठ**
ठेगाना : त्रिपुरा गा.प.५ सिन्धुपाल्चोक
सम्पर्क नं. : ९८६९५२७४४५
च्या.नं. : MD2A13EX0RCB-80825
ई.नं. : DKXCRB-18116

## मोटरसाइकल हराएको सूचना

मिति २०८१।०५।२१ गते भक्तपुर जिल्ला, मध्यपुरठिमी-७, बोडे स्थित घर अगाडि पार्किङ गरी राखेको कालो, रातो रङ्को 220 CC F ABS Pulsar मोटरसाइकल, दिनको अन्दाजी ३:०० देखि ५:३० बजेतिर हराएको हुँदा पाउनु हुने वा देख्नुहुने महानुभावहरूले नजिकैको प्रहरी कार्यालय वा तलको ठेगानामा सम्पर्क गरिदिनु हुन बिनम्र अनुरोध गर्दछु ।

**कम्पनीको नाम : कस्मिक बचत तथा ऋण स.सं.लि**
**ऋणीको नाम : मिलन खड्का**
**बाइक नं.: बा.प्र. ०२-०५१ प ८८२४**
**च्यासिस नं.: MD2A13EX4RCB81167**
**इन्जिन नं. : DKXCRB19411**
**ठेगाना: मध्यपुरठिमी-७, भक्तपुर**
**सम्पर्क: ९८५२०७२८३६**

## युएईमा रोजगार

कम्पनी : Al Haram Al Dhahbi Painting Work EST
पूर्व स्वीकृति मिति : २०८१/०६/१४ | LT. No. 311506 | चलानी नं. ६०२२६०३९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Wall Painter | 3 | 0 | 1200 | ४३,८८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : China National Chemical Engineering & Construction Corporation Seven Middle East
पूर्व स्वीकृति मिति : २०८१/०६/१५ | LT. No. 311578 | चलानी नं. ६०२२६०७४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Mason Brick/plaster | 50 | 0 | 1300 | ४७,५४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Steel Fixer (Blacksmith) | 50 | 0 | 1300 | ४७,५४० | | | | | | | |
| 3 | Suttering Carpenter | 50 | 0 | 1300 | ४७,५४० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ असोज २३ गते (9th Oct. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Indigo Overseas Pvt. Ltd.**
Samakhushi, Kathmandu, Nepal Tel : +977-1-4387787 / 6201955, Mobile No.9840806449, 9823025516
E-mail : indigo.pukar@gmail.com, indigo.recp@gmail.com, Website : www.ioplneoal.com

## साउदीमा रोजगार

कम्पनी: NASAF GHAZLAN TRADING EST | शहर: RIYADH
पुन: स्वीकृत मिति : २०८१/०६/१४ | पूर्व स्वीकृत मिति : २०८०/०४/१५ | LT. No. 311582 | चलानी नं ६०२२६१०३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओरटाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Worker Loading & Unloading | 2 | 0 | 1000 | ३५,७१५ | क. नि. अनुसार | ८ घण्टा | ६ दिन | क. नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ असोज २३ गते (9th Oct. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने /नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोषकसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैले | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | हुने/रोजगारदाता कम्पनीले | रु. २३०८/- कामदारले तिर्ने | रु. १५००/ कामदार आफैंले | निःशुल्क | रु. ७००/- कामदारले तिर्ने | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**MBK OVERSEAS PVT. LTD.**
Samakhusi, Ktm, Nepal, Tel:- +977-4989760 / 4989761, Web: www.mbkoverseas.com.np
Email: mbkoverseas@gmail.com, info@mbkoverseas.com.np, Contact: (For Kathmandu) 9818184532 9801064154,9808658844,9828816646, Contact: (For Jhapa) 023590343,9842716845,9815933303
श्रम ईजाजत नं. 542/061/062

## युएईमा रोजगार

कम्पनी : UNITED EAST PROJECTS INTERNATIONAL EMPLOYEMENT - L.L.C
पूर्व स्वीकृति मिति : २०८१/०६/१५ | LT. No. 311585 | चलानी नं. ६०२२६०९३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Reinforcing Fitter Assistant | 25 | 0 | 1200 | ४३,८३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Wood Worker | 25 | 0 | 1200 | ४३,८३५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ असोज २३ गते (9th Oct. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Raj Group Of Company Pvt.Ltd.**
Basundhara–3, Kathmandu, Nepal Tel : 0977-01-5903550, 5903660, Email : info@rajgroupnepal.com URL: www.rajgroupnepal.com

## कुवेतमा रोजगार

कम्पनी : SMART CLEAN FOR GENERAL TRADING CO.
पूर्व स्वीकृति मिति : २०८०/०२/१८ | पुन विज्ञापन स्वीकृति मिति : २०८१/०६/१५ | LT. No. 286888 | चलानी नं. ६०२०२४११

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | CLEANING LABOR | 0 | 13 | 130 | ५७,१७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ असोज २३ गते (9th Oct. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Sulav Recruitment Pvt.Ltd.**
Govt. License No. 1336/074/075
Maharajgunj, sankhapark, Kathmandu Nepal, Telephone : +977- 5903011/5903012, Email: sulavrecruitment@gmail.com, Website: www.sulavhr.com

## कतारमा रोजगार

कम्पनी : Green city contracting & services
पूर्व स्वीकृति मिति : २०८१/०६/१४ | LT. No. 311526 | चलानी नं. ६०२२६०५८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Driver | 2 | 0 | 1400 | ५१,३४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Gen Clean Worker | 0 | 6 | 1000 | ३६,६७० | | | | | | | |
| 3 | Gen Clean Workers | 0 | 2 | 1000 | ३६,६७० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ असोज २३ गते (9th Oct. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**VARSHA MANPOWER PVT. LTD.**
श्रम ईजाजत नं. ९५४/०६७/६८
Maharajgunj-3, Kathmandu, Phone No: 015908044/015906944

## Bharatpur Water Supply Management Board

**Bharatpur, Chitwan**

**Invitation for Bid (IFB)**

***(First date of publication: 16 Ashoj, 2081 (October 02, 2024)***

Bharatpur Water Supply Management Board, Bharatpur, Chitwan invites open competitive bidding from eligible bidders for the different projects under National Competitive Bidding (NCB)

| S.N. | Contract Identification No. | Description | Estimate Amount NRs. (Without VAT & PS) | Bid Security Amount (NRs) | Bid Validity Period | Date of Bid Opening |
|---|---|---|---|---|---|---|
| 1 | BWSMB/ 081-082/01 | Pipeline Extention Works inside Bharatpur Metropolitan City | 8,686,611.28 | 260,000.00 | 90 days | 1st Nov. 2024 13:00hrs |
| 2 | BWSMB/ 081-082/02 | Building Repair, Maintenance and other Civil Works | 8,886,217.83 | 250,000.00 | 90 days | 1st Nov. 2024 13:00hrs |
| 3 | BWSMB/ 081-082/03 | Supply and Delivery of HDPE Pipes (PE100, NS40:2079) | NA | 450,000.00 | 90 days | 1st Nov. 2024 13:00hrs |

1. Bids must be valid for a period of 90 days after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in pdf format in case of e-bid, which shall be valid for 30 days beyond the validity period of the bid. i.e 120 days from the date of bid opening or can deposit the amount of the name of Bharatpur Khanepani Bewasthapan Board. Dharauti Account No 1801010000883 in GLOBAL IME BANK, Narayangarh Branch and shall upload the scanned copy of the bank vouchour.
2. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
3. Information to deposit the cost of bidding document and bid security in the bank
- Name of Bank : Prime Bank Ltd.
- Name of Account: Bharatpur Khanepani B. Board
- Account no: 00301000000006700142 **(for Bid Document Fee)**
4. Bidder can only apply bid electronically through e-procurement section of PPMO's ***Website: www.bolpatra.gov.np/egp***
5. Any conditions so far not covered in bid document shall be as per Prevailing Public Procurement Act, 2063 and Prevailing Public Procurement Regulation, 2064. Any amendments in tender notice shall be published in e-procurement section.
6. Eligible bidders may obtain further information from BWSMB office during office hour or may visit PPMO web portal ***www.bolpatra.gov.np/egp***., office Tel: 056-493732, 056-493916

**Acting Executive Director**

## पनौती नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

पनौती, काभ्रेपलाञ्चोक बागमती प्रदेश, नेपाल

**सहयोगको लागि हार्दिक अपिल !**

यही मिति २०८१ साल असोज १० गते देखी परेको अविरल तथा भिषण वर्षादका कारणबाट आएको बाढि तथा पहिरोमा परि हालसम्म प्राप्त विवरण अनुसार पनौती नगरपालिका क्षेत्र भित्रका २० जना व्यक्तिहरूको दुखःद निधन भएको, धेरै व्यक्तिहरु घाइते अवस्थामा रहनु भएको, ५०० घर पहिरोमा परी पूर्ण रूपमा क्षतिग्रस्त भएको, ७१३ घरहरु आंशिकरूपमा क्षतिग्रस्त रहेका, पहिरोमा परी २००० भन्दा बढि संख्यामा पशुधनको मृत्यु भएको, अधिकांश सडकहरु बाढिले बगाएको तथा पहिरोमा पुरीएको अवस्थामा रहेका, सयौं रोपनी जग्गामा लगाइएको खेतीवाली पूर्ण रूपमा नष्ट भएको लगायतका क्षतिहरूका कारणबाट पनौती नगरपालिका भित्रको जनजीवन विकराल अवस्थामा रहेको छ। प्राकृतिक प्रकोपको यस कठिन अवस्थामा खानेपानी, लत्ताकपडा, खाद्यान्न, आवास, संचार, विद्युत्, आवागमन लगायतका समस्याहरूबाट आम जनजीवन असाध्यै कष्टकर बनिरहेको छ ।

मानवीय संकटको यस अवस्थामा पिडितहरूको उद्वार, राहत तथा पुनःर्स्थापनामा सहयोग गर्नु हामी सबैको मानवीय कर्तव्य नै हो। हृदय विदारक यस अवस्थालाई महसुस गरी पिडितहरूको सहयोगका लागि एकद्वार नीति अन्तरगत रही कार्य गर्ने गरी यस नगरपालिकामा उदारतापूर्वक सामाग्रीहरु (खाद्यान्न, लत्ताकपडा, त्रिपाल, भाडाकुडा, टर्च बत्ति आदि) वा नगदै सहयोग गरीदिनुहुन तिनै तहका सरकारहरु, दाता निकायहरु, विभिन्न संघसंस्थाहरु, राजनैतिक दल, आम नागरिकलगायत सम्पूर्ण महानुभावहरूमा हार्दिक अनुरोध छ । नगद सहयोग गर्न इच्छुक दाता महानुभावहरूले बाढीबाट विस्थापित तथा संकटमा परेको परिवारहरूलाई पुनःर्स्थापना गर्न र क्षति भएका संरचनाहरु पुनःर्निर्माण गर्नको लागि यस नगरपालिकाको **"पनौती न. पा. प्रकोप व्यवस्थापन कोष'** मा सहयोग रकम जम्मा गर्नका लागि नेपाल बैंक लिमिटेड, पनौती शाखामा रहेको कोषको खाता नं. ०९००३००००००७००२००००००१ मा रकम जम्मा गरी सहायता उपलब्ध गराउन सहयोगी मनहरु समक्ष यस नगरपालिका हार्दिक अपिल गर्दछ । साथै यहाँहरूबाट प्राप्त भएको सहायतालाई पारदर्शी एवम् निष्पक्ष ढंगबाट परिचालन गरी सार्वजनिक गरिने प्रतिवद्धता समेत व्यक्त गर्दछौं ।

**तपसिल:**

| | |
|---|---|
| विद्युतीय माध्यमबाट रकम जम्मा गर्नका लागि बैंक खाता विवरण:<br>Account Name: GA7.2 PANAUTI NA.PA.PRAKOP BYABAST<br>Account No. M 09003000007002000001<br>Bank: Nepal Bank Limited, Panauti Branch | सम्पर्क व्यक्ति:<br>श्री केशव बन्जारा,<br>सम्पर्क नं. ९८५१००७६९९ |

**रामशरण भण्डारी, प्रमुख**

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

# ओली सरकारको राणाकालीन झल्को

विपद्मा भद्रगोल नीति अपनाएका सरकार प्रमुख प्रधानमन्त्री केपी शर्मा ओलीले आफ्नो कुर्सी जोगाउन गैरजिम्मेवार बनेका मन्त्रीदेखि प्रशासनको बचाउ गरेका छन् । सोमबार काठमाडौं उत्रनसाथ आफूमाथिको आलोचना सहनै नसकी खनिएका ओलीले मंगलबार पत्रकार सम्मेलन गरी मन्त्रीदेखि सरकारी निकायको बचाउ गरेका हुन् ।

कतिसम्म भने आलोचनाबाट बच्न विपद्कै बेला अमेरिका छँदा एउटा महावाणिज्यदूतकोमा झण्डोत्तलन गरेका ओलीले मंगलबार बिहानै मन्त्रिपरिषद् डाकेर तीन दिन झण्डा झुकाउने निर्णय गरे । यतिमात्र हैन ओलीले वर्षा भएको थाहा पाउनसाथ अमेरिकाबाट हिंडेको दाबी गर्दै आउँदाआउँदा ढिला भएको जिकिर प्रस्तुत गर्न भ्याए ।

आफ्नो कमजोरी सबैले लुकाइदिन्छन् भन्ने आशय ओलीको अभिव्यक्तिमा प्रस्टै देखिन्छ । उनले सरकारका कार्यवाहक प्रधानमन्त्री, गृहमन्त्री, सेना, प्रहरी प्रशासन सबैले तारिफयोग्य काम गरेको भन्दै प्रशंसा गर्नु नै पद जोगाउने बाटो रोजेको प्रस्टिन्छ । नभए जनताले घामजतिकै छर्लंगै देखेको विषय हो, विपद्मा न त मन्त्रीहरूको तदारुकता देखियो न त प्रशासनको ।

आफूहरूको तालमेल लुकाउन प्रमुख जिल्ला अधिकारी सरुवा गरेर बच्ने उपायमा सरकार लाग्यो । नभए प्रधानमन्त्री ओलीले स्याङ्जामा सम्मान थाप्न पुगेका मुख्यसचिव एकनारायण अर्याललाई हप्काउन सक्थे । युरोपियन युनियनको सम्मान थाप्न पोखरा पुगेका कार्यवाहक प्रधानमन्त्री प्रकाशमान सिंहसँग स्पष्टीकरण लिनसक्थे । यति गर्दा आफ्नो कुर्सी ढलमल हुने खतरा देखेपछि ओलीले बरू चुप लाग्नु नै बेस भन्दै गैरजिम्मेवार मन्त्री र सचिवहरूको बचाउ गरे ।

यो विपद्मा प्रतिपक्षी दल झनै कमजोर देखियो । सरकारको यस्तो अक्षमतामा न त माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहालले प्रश्न गर्न सके न त राष्ट्रिय स्वतन्त्र पार्टीका अध्यक्ष रवि लामिछानेले । बरू लगभग विपत्तिबाट जनता आफैं बचिसकेपछि डाकिएको संसदीय समितिमा पुगेर लामिछाने कुर्लन पुगे । कांग्रेस महामन्त्री गगन थापा गर्जिए । राणा शासनको समयमा तीन महिना तीन दिनपछि आगो निभाउनु भनेर तात्तातो हुकुम पठाएझैं शनिबार भएको घटनामाथि राज्य व्यवस्था तथा सुशासन समितिले चार दिनपछि मंगलबार बैठक राखेर तत्काल उद्धार गर्न निर्देशन दिन भ्याए । सूचना प्रविधि र वैज्ञानिक आविष्कारले छलाङ मारिसक्दा पनि ओली सरकारले भने राणा शासनकै झल्को दिनेगरी काम तथा निर्देशन दिएको छ । अझ उदेकलाग्दो त प्रमुख दलहरूले पनि प्रधानमन्त्री ओली आइपुगेपछि मात्र संसदीय दलको बैठक राखेर संसदीय समितिले जस्तै माग सरकारसँग तेर्स्याएका छन् ।

# सम्मानित बुढ्यौलीका लागि अनिवार्य कर्म



■ चेतनाथ कणेल 'हरित'

> ज्येष्ठ नागरिकका अथाह ज्ञान–अभिलेख गर्ने र प्रकाशन तथा विस्तार गर्ने कार्य, अशक्त र बेसहारा ज्येष्ठ नागरिकको जिम्मा सम्बन्धित पालिकाले नै लिने परिस्थितिको सिर्जना, ज्येष्ठ नागरिकका समूह तथा क्लबहरूलाई उचित सहजीकरण तथा सहयोग प्रदानका आधारमा क्रियाशील तुल्याउने कार्य, दिवा मिलन केन्द्रको सबलीकरण तथा नियमित परिचालन गर्ने कार्यमा पनि हाम्रो ध्यान जानु जरुरी छ । अपार सम्भावना र कार्यक्षेत्र भएर पनि ज्येष्ठ नागरिक महासंघ अपेक्षित क्रियाशील नबनेको अवस्था छ, अब ब्यूँतिनुपर्छ ।

आजभन्दा २३ वर्षअघि अर्थात् २०५८ सालको यसै फेरोमा नेपालकै ऐतिहासिक एक पुस्तक प्रकाशित भयो । नेपाल सहभागीमूलक कार्य समूह (नेपान) ले 'बुढचौली आवाज' नामक पुस्तकको प्रकाशन गरेको थियो । पुस्तकमा नेपालका पूर्वमेचीदेखि पश्चिममहाकालीसम्मका विभिन्न जातीय तथा भौगोलिक प्रतिनिधित्व गर्ने करिब सात हजार जनाको आवाज समेटिएका थिए । गाउँगाउँ पुगेर सहभागितात्मक ढंगबाट स्थानीय वृद्धवृद्धा तथा परिवार र समाजका अन्य व्यक्तिसँग बृहत् छलफल, भलाकुसारी तथा कुराकानीका आधारमा 'नेपान' तथा 'हेल्पएज नामक' अन्तर ाष्ट्रिय गैरसरकारी संस्थाको सहकार्यमा 'बुढचौली आवाज' निकाल्ने काम सम्पन्न भएको थियो ।

उक्त अनुसन्धानात्मक पुस्तक प्रकाशनपश्चात् नै नेपालमा बुढचौली आवाजहरू थप मुखरित भएका थिए । नेपालका गण्यमान्य व्यक्ति स्व हुतराम वैद्य, विकासकर्मी हुकुमबहादुर सिंह तथा मानबहादुर थापा, यो पंक्तिकार, दशरथ मोक्तान तथा डा. युवराज लुइँटेलको विशेष पहल र नेतृत्वमा उक्त सहभागीमूलक अनुसन्धान गरिएको थियो । अनुसन्धान सञ्चालन गर्ने टोलीमा कम्तीमा ५० जनाको सक्रिय सहभागिता रहेको थियो । उक्त ऐतिहासिक र बृहत् कार्यले नै नेपालमा 'ज्येष्ठ नागरिक' को हो र बुढचौली भनेको के हो भन्ने कुरा स्पष्ट व्याख्या हुनुपर्ने, ज्येष्ठ नागरिकको अधिकार सुनिश्चित हुनुपर्ने, बुढचौली जीवनलाई सहज बनाउनका लागि सरकारी, गैरसरकारी तथा निजी प्रयासलाई एकीकृत गरी कार्य गर्नुपर्नेलगायत ३५ बुँदा सिफारिस गरेको थियो । ती सिफारिसका आधारमा नै नेपालको ज्येष्ठ नागरिक अधिकार सुनिश्चितताको मार्ग अघि बढेको थियो । ज्येष्ठ नागरिकका सवालमा सरकारलाई अघि बढ्न सहज भएको थियो । २०६३ सालमा पहिलोपल्ट ज्येष्ठ नागरिक ऐन बन्नु र २०६५ सालमा ज्येष्ठ नागरिक नियमावली बन्नु ती अभियानमुखी कर्मका परिणाम थिए भन्न हिच्किचाउनु पर्दैन ।

झण्डै अढाइ दशक बितिसकेको छ । नेपालमा ज्येष्ठ नागरिकका मामलामा धेरै काम भएका छन् । ज्येष्ठ नागरिकहरू संगठित भएका छन्, ज्येष्ठ नागरिक महासंघ नै बनेको छ, ज्येष्ठ नागरिक ऐन २०६३ को पनि संशोधन र परिमार्जन भएको छ । ज्येष्ठ नागरिकलाई वृद्धाश्रममा होइन घर र समाजमा नै पालनपोषण, हेरचाह र सम्मानित जीवन जिउने वातावरण सिर्जना गरिनुपर्ने नयाँ सोच, मर्म र भावनाको पनि दिनानुदिन विस्तार भइरहेको छ । तर, गर्नुपर्ने काम धेरै छन् । केही उपलब्धि हुँदैमा चुप लागेर बस्ने अवस्था छैन । २०५८ सालतिर नेपालमा ६० वर्ष नाघेका व्यक्तिको जनसंख्या करिब छ प्रतिशतमात्र थियो भने २०८१ सम्म आइपुग्दा त्यो संख्या १० प्रतिशत पुगेको छ । बुढचौली उमेरको जनसंख्या अनुपात बर्सेनि बढ्दै छ । विश्वभर नै यो प्रवृत्ति कायम छ । हामीले जापानका अनेक कथा सुन्ने गरेका छौं । त्यहाँ ज्येष्ठ नागरिकको जनसंख्या झन्डै २५ प्रतिशत पुगेको बताइन्छ ।

नेपालमा पनि भोलिका दिनमा त्यो अवस्था नआउला भन्न सकिन्न । किनकि नयाँ पुस्तामा ढिलो विवाह गर्ने चलन बढेको छ, छोराछोरी जन्माउने क्रम ह्वात्तै घटेको छ । जीवनशैली महँगो बन्दै गएको छ । शिक्षा, स्वास्थ्योपचार, खानपान, लत्ताकपडा, घर निर्माण आदि कार्यमा थेग्नै नसकिने गरी मूल्यवृद्धि हुँदै जाँदा नयाँ पुस्तालाई जीवन धान्न पनि कठिन बन्दै गएको छ । जीवन थप चुनौतीपूर्ण र प्रतिस्पर्धी भएसँगै हरेक दम्पतीले एकभन्दा बढी बच्चा जन्माउन सोच्नैपर्ने अवस्था आएको छ । आम्दानी बढाउनका लागि लाखौं युवा विदेश पलायन हुनुका पछाडि, गाउँगाउँ र बस्तीबस्तीबाट कल्कलाउँदा युवाहरू सहर पस्नुका पछाडि माथि उल्लिखित चुनौती तथा प्रतिस्पर्धी जीवनको होडले काम गरिरहेको छ ।

शिक्षा, स्वास्थ्य र आधारभूत सेवालाई सर्वसुलभ र सर्वपहुँचको लक्ष्य पूरा गर्नेमा सरकारी प्रयास अझ पनि सफल हुन सकिरहेको छैन । पछिल्लो समयका विपद्जन्य नियमित घटना र दुर्घटनाहरूले सरकारी स्रोत–साधन पनि विपद् व्यवस्थापनमा खर्च गर्नुपर्दा विकासमूलक प्रयासमा थप चुनौती थपिएको यथार्थ छ । अबका दिनमा जलवायुजन्य तथा मौसमी घटना र दुर्घटनाहरू बढ्दै जाने नै हुन् । यसले गर्दा हरेक व्यक्ति, परिवार, समाज र राष्ट्रले नै सबै कुरा पन्छाएर नै विपद् र जोखिमसँग जुध्ने सामर्थ्य पनि बढाउनुपर्ने अवस्था छ । यी सबैको प्रभाव सबैभन्दा बढी ज्येष्ठ नागरिकमा पर्छ । ज्येष्ठ नागरिक र बालबालिकालाई विपद्जन्य घटनाहरूले पहिलो सिकार बनाउँछन् । चाहे भुइँचालो होस्, महामारी होस्, बाढीपहिरो होस्, हावा–हुन्डरी होस्, आगलागी होस्, अत्यधिक गर्मी वा जाडो होस्, ती सबैको मार बुढचौली जीवन बिताइरहेका व्यक्तिहरूमा बढी पर्छ भन्ने कुरा विभिन्न अध्ययन तथा तथ्यांकहरूले पुष्टि गरिसकेका छन् ।

अझ त्यसमा पनि अपांगता भएका ज्येष्ठ नागरिक, दलित, महिला, विपन्न तथा सहाराविहीन नागरिकलाई विपद् तथा महामारीले बढी गाँज्ने गरेको कुरा हामी सबैलाई थाहा छ । चुनौतीपूर्ण ज्येष्ठ जीवनलाई कसरी सहज र सम्मानजनक बनाउने भन्ने कुरा विश्वव्यापीरूपमा नै अहिलेको मूल चासो भएको छ । बुढचौली जीवन हेयको जीवन नबनोस् र बाँच्न मन नलाग्ने नबनोस् भनेर हरेक नागरिक सचेत, ऐक्यबद्ध र असल सहकर्मी एवं अभियानकर्मी बन्नुपर्ने अवस्था आएको छ । अक्टोबर १ तारिखका दिन हरेक वर्ष विश्वभर ज्येष्ठ नागरिक दिवस मनाइन्छ । यसको अर्थ पनि व्यक्ति–व्यक्ति, समाज–समाज र राष्ट्र–राष्ट्रमा यस सवालमा सचेतना, पहल, चासो, चिन्तन र नतिजामुखी कर्म बढून् र विश्वभरका वृद्धजनले सुखी, समृद्ध, स्वस्थ, सुस्याहारयुक्त र सम्मानित जीवन बाँचिरहेको अनुभूति लिएर बाँच्न पाऊन् भन्ने नै हो ।

### सम्मानित बुढ्यौली

यस वर्षको ३४औं अन्तर्राष्ट्रिय ज्येष्ठ नागरिक दिवसको नारा 'सम्मानित बुढचौली' रहेको छ । यसको अर्थ हो बुढचौली जीवनलाई सबैले सम्मान गरौं, आदर गरौं, उहाँहरूको जीवनलाई सकेसम्म सहज, सुस्वस्थ र मर्यादित बनाऔं भन्ने हो । तर यी कुरा भन्न जति सजिलो छ, गर्न कठिन छ । हरेक व्यक्ति र हरेक समाजमा थप चेतना, ज्ञान र प्रतिबद्धताको भावना नआएसम्म नाराले आह्वान गरेका काम र लक्ष्य पूरा गर्न कठिन छ । यस मामिलामा सरकार नै अपेक्षित ढंगले अघि बढ्न सकेको छैन । प्रयासहरू अत्यन्तै सीमित भएका छन् । नीति बनाउने, कर्ममा नउत्रने समस्याले हामी जकडिएका छौं । कानुन बनाउने कार्यान्वयन नगर्ने रोगले हामी ग्रस्त छौं ।

ज्येष्ठ नागरिकका सवाल र मर्म बुझ्ने व्यक्ति नीति–निर्माण तहमा पुग्न पाएका छैनन् । पुग्नेले कुरा बुझ्नै सकेका छैनन् । बुझ्ने पनि एकैठाउँमा बसेर काम गर्नै पाउँदैनन् । यो नेपालको विडम्बना हो । मेरो साढे दुई दशकको ज्येष्ठ नागरिकसम्बद्ध अनुभवले पनि यही भन्छ । पछिल्लो समय 'सरकार'का रूपमा आएका प्रदेश सरकार तथा स्थानीय सरकारहरू पनि त्यसै हराएका छन् । आफ्ना शासनाधिकार, लक्ष्य र उद्देश्यमा अनपेक्षित अलमलमा छन् । ती सरकार हरूले पनि अपेक्षा गरेअनुरूप आफ्नो प्रदेश र स्थानीय तहमा काम गर्न सकेनन् । जसले गर्दा वृद्धवृद्धाका सवाल ओझेलमा परेको स्थिति छ ।

भत्ता बाँडेरमात्र सम्मानित जीवनको लक्ष्य प्राप्ति हुन सक्दैन भन्ने कुरामा हामी जानकार हुनैपर्छ । यसका लागि विद्यालय तहदेखि सचेतना अभिवृद्धि गर्ने, यथोचित पाठचक्रम तथा पाठचपुस्तक बनाउने, अनौपचारिक नागरिक शिक्षालाई समेत सशक्त, विस्तारित र प्रभावी बनाउने; ज्येष्ठ नागरिकको स्याहारसुसारमा परिवारलाई नैतिक तथा कानुनी हिसाबले थप प्रतिबद्ध बनाउने, राम्रो गर्नेलाई प्रोत्साहित एवं पुरस्कृत गर्ने, हालसम्म बनाइएका र अब बनाउने पूर्वाधारहरूलाई सक्दो बुढचौलीमैत्री बनाउने; उचित ज्ञान, सीप, वातावरण र मनोबल अभिवृद्धिका आधारमा ज्येष्ठ नागरिकलाई पनि सक्रिय बुढचौली जीवन जिउन र आफूले सक्ने काम गर्नमा उत्प्रेरित गर्ने, त्यस्तो काम गर्ने ज्येष्ठ नागरिकलाई कदर र सम्मान गर्ने वातावरण बनाउनेजस्ता काम अहिलेका प्राथमिकता हुनुपर्छ ।

साथै, ज्येष्ठ नागरिकका अथाह ज्ञान–अभिलेख गर्ने र प्रकाशन तथा विस्तार गर्ने कार्य, अशक्त र बेसहारा ज्येष्ठ नागरिकको जिम्मा सम्बन्धित पालिकाले नै लिने परिस्थितिको सिर्जना, ज्येष्ठ नागरिकका समूह तथा क्लबहरूलाई उचित सहजीकरण तथा सहयोग प्रदानका आधारमा क्रियाशील तुल्याउने कार्य, दिवा मिलन केन्द्रको सबलीकरण तथा नियमित परिचालन गर्ने कार्यमा पनि हाम्रो ध्यान जानु जरुरी छ । अपार सम्भावना र कार्यक्षेत्र भएर पनि ज्येष्ठ नागरिक महासंघ अपेक्षित क्रियाशील नबनेको अवस्था छ, अब ब्यूँतिनुपर्छ । सात प्रदेश, ७७ जिल्ला र ७५३ पालिकामा नै ज्येष्ठ नागरिक महासंघको सञ्जाल विस्तार गरी ज्येष्ठ नागरिकसम्बद्ध अधिकारको सही कार्यान्वयन गर्ने र सोका लागि घच्घच्याउने कार्यमा थप सशक्तता अहिलेको समयको अपरिहार्य माग हो । 'सम्मानित बुढचौली'को नारा सार्थक पार्न हरेक ज्येष्ठ नागरिक, युवायुवती तथा बालबालिकाको उत्तिकै भूमिका छ । सरकारीमात्र होइन, गैरसरकारी, निजी तथा सहकारी प्रयास पनि यसका लागि अनिवार्य छ । जय ज्येष्ठ जीवन ! *रासस*

*(लेखक ज्येष्ठ नागरिक सवालका अनुसन्धाता हुन्)*

## मनन्योग्य

### चाणक्य नीति

राजमाता सत्यवतीको आग्रहमा काशीका राजाका दुई छोरी अम्बिका र अम्बालिकासँग विचित्रवीर्यको भीष्मले विवाह सम्पन्न गराइदिएका थिए । विचित्रवीर्यको पनि अल्पायुमै (कुनै सन्तान पैदा हुनु अगाडि नै मृत्यु भयो । हस्तिनापुरलाई राज्य उत्तराधिकारीको अभाव हुन गयो । भीष्म, कुलगुरु आचार्य विभूति र उनका पिता आचार्य ब्राह्मिष्ठ, आचार्य देवपाल, भीष्मका काका सुकेतु कूटनीतिज्ञ कणिक, वेदव्यास र राजमाता सत्यवतीसमेत भई सल्लाह गरे । राजमाता सत्यवतीबाट नै जन्मिएका वेदव्यासलाई विधवा बुहारी अम्बिकालाई गर्भाधान गराउने र उनबाट पैदा भएको पुत्र हस्तिनापुरको राजगद्दीमा बसाउने निधो भएबमोजिम सत्यवतीले वेदव्यासलाई आग्रह गर्दै भनिन्छ- हेर छोरा ! तिमीजस्तो तपस्वी माहात्मा हुँदा हुदै हाम्रो कुरुवंश डुब्न लागेको छ, भीष्म आजीवन ब्रह्मचारी छन् विचित्रवीर्य मरिसक्यो अब हाम्रो वंश कसले चलाउने ? तिमीले नै आफ्नो तपस्याको प्रभावले हाम्रो वंशको सञ्चालन गरिदेऊ ।' व्यासजीले आफ्नो आमाको आग्रहलाई लत्याउन सकेनन् उनले आमालाई भने "अम्बिका वा आम्बालिका यदि मेरो अगाडि निर्वस्व आए भने दृष्टि शक्ति पाएर उनीहरूले सन्तान जन्माउन सक्नेछन् ।" सत्यवतीले दुवै बुहारीलाई पालैपालो गरेर व्यासको अगाडि पठाइदिइन् ।

महाराज शान्तनुका दुई महारानीमध्ये जेठी गंगाबाट देवव्रत भीष्म जन्मिए । उनले आफ्ना पिताको खुसीको खातिर विवाह नै नगरी आजीवन या प्रतीज्ञा गर्दै (म्भाबअतय ँउभचयच) को रूपमा हस्तिनापुरको राजकाजको रेखदेख गर्ने गरेर नै आफ्नो जीवन बिताए । शान्तनुकी कान्छी महारानी केवट राजकी छोरी सत्यवती थिइन् । उनवाट गदर वीर्य नाउँ गरेका दुई पुत्र पैदा भएका थिए । शान्तनुपछि उनका छोरा चित्रांगद राजा भए यिनको अकाल मृत्यु हुँदा उनका भाइ बाचबत राजा भए ।

## पत्र-मञ्जुषा

# मानव प्रकृतिभन्दा ठूलो होइन

झण्डै तीन वर्षअघि सहकारी संघसंस्थामा समस्या देखिन थाल्यो । नाम चलेका मुलुककै ठूला सहकारीमा पनि एकाएक संकट देखियो । कतिपय सहकारी त रातारात भागे । सहकारी भाग्न थालेपछि बचतकर्ताहरू पनि सचेत भए । उनीहरू आफूले बचत गरेको सहकारीको अवस्था के-कस्तो छ ? भनेर दिनहुँ सहकारी पुग्थे ।

अनि सहकारीका कर्मचारी, सञ्चालक, अध्यक्षहरू भन्थे, 'हामी रैथाने हो । हामी भाग्दैनौं । यदि सहकारीमा समस्या देखिहाले पनि हाम्रो आफ्नै भवन छ । हामी यो बेचेर भए पनि तपाईंको पैसा फिर्ता गर्छौं । त्यसैले, नआत्तिनु, ढुक्क भएर बस्नूस् ।' सहकारी सञ्चालक तथा अध्यक्षको यस्ता आश्वासनपछि बचतकर्ताहरू ढुक्क भएर आफ्नो घर पुग्थे ।

तर, सहकारीले आश्वासन दिएकै दिन वा त्यसको केही समयमै सहकारीहरू भाग्न थाले । अहिले सञ्चालनमा रहेका सहकारी संस्थाले समेत बचतकर्ताको निक्षेप फिर्ता गरेका छैनन् । बचतकर्ता दिनरात आफ्नो निक्षेप माग्न गए पनि उनीहरू आज र भोलि भनेर अल्मल्याएर राखिरहेका छन् । हिन्दू धर्मावलम्बीहरूको महान् चाड दसैं मुखमै आइरहेको छ ।

दसैं घरआँगनमै आइपुग्दासमेत सहकारीले निक्षेप फिर्ता गरेको छैन । यसले बचतकर्ताहरू कसरी दसैं मनाउने ? भनेर चिन्तित छन् । हिजो भवन बेचेर भए पनि निक्षेप फिर्ता गर्ने आश्वासन दिएका सहकारी सञ्चालक, अध्यक्षहरू अहिले भागिसकेका छन् । अधिकांश सहकारीको त भवन बैंकले लिलामसमेत गरिसकेको छ । कतिपय सहकारीको भवन पनि बिक्री भइरहेको छैन ।

अनि अब सर्वसाधारणले आफूले सहकारीमा बचत गरेको रकम कसरी फिर्ता पाउँछन् ? हुन त पछिल्लो समय सहकारीप्रति जनविश्वास गुम्दै गएको छ । अहिले सहकारीले निक्षेप जतिसुकै महँगो ब्याज दिन्छु भने पनि सर्वसाधारण बचत गर्दैनन् । किनकि जनताले बुझिसके कि सहकारी चोर, ठग र दलाल हो । सहकारीका कारण करोडौं जनता पीडित भएका छन् ।

सहकारी सञ्चालक, अध्यक्ष तथा कर्मचारीहरूले बचतकर्ताको खर्बौं रकम हिनामिना गरेका छन् । गत असोज ११ र १२ गते काठमाडौं उपत्यकासहित देशभरका विभिन्न स्थानमा भीषण वर्षा भयो । मुसलधारे वर्षात्का कारण उपत्यकासहित धेरै ठाउँ डुबानमा पर्‍यो अथवा बाढीपहिरो पनि गयो । वर्षाका कारण खोलाको बहाव बढेपछि भक्तपुरको राधेराधेस्थित भाटभटेनी डुबानमा परेको सर्वसाधारणले प्रत्यक्षरूपमै देखे ।

त्यसपछि अहिले सर्वसाधारणमा नयाँ बहस सुरू भएको छ । उनीहरू राधेराधेको जग्गा आनाको एक लाखमा दिए पनि नकिन्ने बताउँछन् । दुई दिनको झरीले मुलुकका अधिकांश जिल्लामा घर डुबानमा परेको सर्वसाधारणले देखेका छन् । यसैले, अब त्यस्ता ठाउँका घर जतिसुकै सस्तोमा दिन्छु भने पनि कसैले किन्ने छैन ।

उपत्यकाका विभिन्न स्थान डुबेपश्चात् अहिले बजारमा ८०-९० वर्षका बूढाबूढीहरू भन्छन्, '२०३२/३३ सालमा यी क्षेत्रमा खोला बग्थ्यो । घट्टेकुलो, अनामनगर, हनुमानस्थान, बिजुलीबजार र सिडिओ कार्यालयपछाडि त खोला नै बग्थ्यो ।' यसरी खोला मासेर घर तथा संरचना बनाएपछि डुबानमा पर्नु स्वाभाविक नै हो ।

प्रकृति भनेको प्रकृति नै हो । मानव प्रकृतिभन्दा ठूलो होइन । हामी मानिस पनि प्रकृतिको वरदान नै हौं । तर, हामीले आफूहरूलाई प्रकृतिभन्दा ठूलो ठानौं । आफ्नो स्वार्थका निम्ति प्रकृति मासौं । बगिरहेको खोलालाई पुर्‍यौं । खोलाको अस्तित्त्व नै मेटाइदियौं । त्यसैले पनि अहिले प्रकृतिले हामी सबैलाई आफ्नो रूप देखाएको हो । यसलाई अब चेतावनीको रूपमा बुझ्न आवश्यक छ ।

प्रकृतिमाथि खेलबाड गरेमा त्यसले क्रुर रूप लिनसक्ने हामी सबैले देखिसकेका छन् । खोला, नदी भनेकै बहनका लागि हो । तर, उसको बहने ठाउँमै मानवले कब्जा गरेपछि उसले आफ्नो अस्तित्त्व जोगाउन यो सबै गर्नु स्वाभाविक हो । भनिन्छ कि लोभले लाभ, लाभले विलाभ । नदी, खोला वरपरको जग्गा सित्तैमा पाइन्छ भनेर त्यहाँ बस्ती बसालियो ।

कतिपयले त त्यस्ता जग्गामा ठूला-अग्ला घर पनि बनाए । जग्गा दलालीहरूले पनि सोझासाझा सर्वसाधारणलाई यस्ता ठाउँका जग्गा भिडाए । विश्वासमा परेर कतिपयले पहिला त्यो जमिनमा के थियो ? भनेर बुझ्दै नबुझी किने अनि घर ठड्याए । यता, खेती गर्न उपयुक्त जमिनमा पनि मानवहरूले घर बनाए ।

जसको परिमाण अहिले देखिएको छ । गहिरो ठाउँमा घर बनाउँदा बाढी घरभित्रै पस्दा मानिसहरू घरबारविहीन बनेका छन् । नदी, खोला वरपर बनेका अधिकांश घर बाढीले नै बगाएको छ । अनि अब उनीहरूले के गर्छन् ? दुई दिनको मुसलधारे वर्षात्पछि निम्तिएको बाढीपहिरोले राज्य र जनता दुवैको आँखा खोलिदिएको छ ।

**– रुषा थापा, भक्तपुर**

### जानकारी

अब यस दैनिकले हरेक दिन पत्र–मञ्जुषा स्तम्भ सुरु गरेकाले पाठक वर्गहरूले आफूले चाहेको विषय वस्तु, सरकारी निकायको काम कारबाही वा पत्रिकामा सम्प्रेषण भएको समाचारका बारेमा पत्र लेख्नु भएमा त्यसलाई जस्ताको त्यस्तै प्रकाशन हुने जानकारी गराइन्छ । सं.

prabhabdailynews@gmail.com
facebook.com/prabhab online

# सात सय वर्षदेखि प्रचलित 'आम्ची' सेवा अझै सान्दर्भिक

■ सन्तोष गौतम



**म्याग्दी–** पूर्वीरुकुम, बागलुङ र म्याग्दी जिल्लामा फैलिएको ढोरपाटन सिकार आरक्षअन्तर्गत रहेको छेन्तुङ दुर्गम र विकट बस्ती हो । यहाँ करिब १५० परिवारको बसोबास छ तर उनीहरू गर्मी र बर्खायाममा मात्र यहाँ बसोबास गर्छन् ।

हिउँदमा चिसो बढेपछि म्याग्दी र बागलुङका विभिन्न ठाउँमा पशु लिएर झर्ने छेन्तुङबासीलाई आम्ची (हिमाली क्षेत्रमा परम्परागत उपचार गर्ने व्यक्ति) ले स्वास्थ्य सेवा दिँदै आएका छन् । छेन्तुङमा रहेको 'पूर्वपरम्परागत चार चिकित्साशास्त्र विद्यालय'लाई स्थानीयबासी 'अस्पताल' भन्छन् ।

विगत ३५ वर्षदेखि छेन्तुङमा बस्दै आएका धवलागिरी गाउँपालिका-७ ताकमका ८३ वर्षीय विष्णुबहादुर थापाले आम्ची विद्यालयमै औषधि उपचार गर्दै आएको बताए । 'यहाँ स्वास्थ्य चौकी छैन । नजिकको बुर्तीबाङ अस्पताल पुग्न पनि गाडीमा दुई घण्टा लाग्छ,' साविक ताकम गाउँ विकास समितिका पूर्वप्रधानपञ्च थापाले भने, 'गाउँमै आम्ची विद्यालय भएकाले स्वास्थ्य संस्थाको आवश्यकता महसुस भएको छैन ।'

ढोरपाटन उपत्यकाको स्वास्थ्य चौकीबाट खोपसम्बन्धी सेवा दिन आउने गरे पनि सामान्य समस्याको उपचार आम्ची र जडीबुटीबाट हुने थापाले बताए । स्वास्थ्य समस्या लिएर आउनेलाई आम्चीले लक्षणअनुसार जडीबुटी दिन्छन् । जटिल किसिमको उपचारका लागि अस्पतालमा जाने गरे पनि सामान्य बिरामी पर्दा एलोपेथिक चिकित्सापद्धति र औषधिको विकल्पमा आम्चीबाट परामर्श तथा जडीबुटी प्रयोग गर्ने गरिएको स्थानीय रमती विश्वकर्माले बताइन् । जडीबुटीको प्रयोगबाट अन्य असर नहुने भएकाले आम्चीको सेवामा पूर्णविश्वास रहेको उनको भनाइ छ ।

नेपालको हिमाली क्षेत्रमा १३औं शताब्दीमा सुरु भएको यो उपचार पद्धति ढोरपाटनका साथै मुस्ताङको उपल्लो क्षेत्र, डोल्पालगायत जिल्लामा प्रचलनमा छ । छेन्तुङको आम्ची विद्यालयमा डोल्पा, मुगु, पूर्वीरुकुम, बागलुङ, गोरखा, सिन्धुपाल्चोक, सोलुखुम्बुलगायत जिल्लाका २० जना बालबालिका अध्ययनरत रहेका विद्यालयका व्यवस्थापक धेनी लामाले बताए । 'पढाइसँगै लेकमा जडीबुटीका बोट बिरुवा पहिचान, संकलन, प्रशोधन गरी जडीबुटी बनाएर उपचारका लागि प्रयोग गर्दै आएका छौं,' उनले भने, 'अध्ययनसँगै आम्चीहरूले स्थानीयबासीलाई सेवा पनि दिने गरेका छन् ।'

दुई हजार ५०० घरपरिवारको बसोबास रहेको ढोरपाटन उपत्यकाको टोलटोलमा पुगेर आम्चीले उपचारका साथै निःशुल्क औषधि वितरण गर्दै आएको व्यवस्थापक लामाले बताए । समुदाय र दाताको सहयोग जुटाएर ५० वर्षदेखि छेन्तुङमा आम्ची विद्यालय सञ्चालन हुँदै आएको उनले जानकारी दिए ।

तीन वर्ष आम्ची अध्ययन गरेकी डोल्पाकी छेमा ल्यामुले पछिल्लो तीन महिनादेखि छेन्तुङमा स्वयम्सेवकका रूपमा काम गर्दै आएकी छन् । 'यहीँ पढेर व्यावहारिक ज्ञान, सीप हासिल गरेकाले केही समयलाई स्वयंसेवा गरेकी हुँ,' उनले भनिन्, 'अब आफ्नै गाउँमा गएर सेवा गर्ने रहर छ ।'

भौगोलिक विकटताका कारण स्वास्थ्यकर्मीको न्यून उपस्थिति हुने डोल्पाका बस्तीमा स्थानीय तहलेसमेत आम्चीलाई मान्यता दिएकाले रोजगारीसँगै सेवा गर्न पाइने ल्यामुले बताइन् । आम्ची प्राविधिक शिक्षा पनि भएकाले प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् (सिटिइभिटी)ले २० वर्षअघि सम्बन्धन दिएको थियो । दुई वर्ष नौ महिना पढ्नुपर्ने आम्ची सामुदायिक स्वास्थ्य सहायकसरह हुन्छ ।

पहिलो वर्ष आम्चीको परिचय, दोस्रो वर्ष बच्चा जन्मने प्रक्रियादेखि मृत्युसम्मको अवस्थाबारे जानकारी तथा औषधि दिने तरिका सिकाइन्छ भने बाँकी नौ महिना जडीबुटीको पहिचान र औषधि बनाउने तरिका कार्यक्षेत्रमै सिकाइन्छ । तिब्बती भाषा नजानेको आम्ची हुन नसक्ने भएकाले विद्यालयले आधारभूत तिब्बती भाषासहित शिक्षा दिइरहेको छ । कक्षा ८ उत्तीर्णले मात्र आम्ची पढ्न पाउँछन् । बुद्ध शिक्षामा आम्ची, विज्ञान, संगीत, कला र ज्ञानलाई बढी महत्त्व दिने गरिन्छ ।

## को हुन् आम्ची ?

आम्ची हिमाली क्षेत्रका स्वास्थ्यकर्मी भएका पूर्वपरम्परागत चार चिकित्साशात्र विद्यालय छेन्तुङका व्यवस्थापक धेनी लामाले बताए । उनकानुसार आयुर्वेदमा आधारित आम्चीकै भरमा सयौं वर्षदेखि हिमाली क्षेत्रमा उपचार हुँदै आएको छ । 'आम्चीले अनुभवको आधारमा जडीबुटीको पहिचान गर्छन्, ती जडीबुटी प्रयोग गरेर बिरामीको उपचार गर्छन् र निको बनाउँछन्,' उनले भने 'आफैं उच्च हिमाली भेगमा पुगेर जडीबुटी खोज्ने र पहिचान गर्नसक्ने सीप उनीहरूमा हुन्छ ।'

## सरकारको नीतिमा आम्ची

सरकारको नीतिमा आम्चीसम्बन्धी स्वास्थ्य सेवालाई सम्बोधन गरे पनि ऐन, नियम, कार्यविधि निर्माण हुन नसक्दा कानुनी अस्पष्टता छ । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको आयुर्वेद तथा वैकल्पिक चिकित्सा विभागअन्तर्गत होमियोप्याथी तथा आम्ची चिकित्सा शाखा छ । यसको उद्देश्य हिमाली जिल्लामा परम्परादेखि प्रचलित सोवारिक्पा (आम्ची) उपचार एकाइ स्थापनाका लागि सहजीकरण गर्ने, यस सेवाको सुदृढीकरणसम्बन्धी कानुन, नीति, गुणस्तर तथा मापदण्ड निर्माणमा सहयोग गर्ने उल्लेख छ ।

शाखाले उद्देश्यको कार्यान्वयन गरी आम्चीको प्रमाणपत्रको आधारमा लोकसेवा आयोगको परीक्षामा सहभागी हुन र सेवा प्रदान गर्न अनुमतिपत्रको व्यवस्था मिलाउनु सक्रियता देखाउनुपर्ने आम्ची अध्ययन गरेकी छेमा ल्यामुको आग्रह छ । 'हिमाली क्षेत्रमा यस सेवाको अझै सान्दर्भिकता नै छ । त्यसैले त सरकारले पनि मान्यता दिएको होला ! त्यसैले यो विधा अध्ययन गरेकाहरूको भविष्य सुरक्षित बनाउन सरकारले आवश्यक काम गर्नुपर्छ,' उनले भनिन् । *रासस*


Haripurwa Municipality
Office of The Municipal Executive
Haripurwa, Sarlahai
Madhesh province

**Invitation for Bids**

Date of publication:2081/06/16

Haripurwa Municipality office, Haripurwa invites electronic bids form duly registered eligible national bidders for the construction of **Purchase of 4 WD Sport Utility Vehicle** for the more information please visit PPMO's e-Gp system website http//bolpatra.gov.np/egp. Details are specified in the bid document.

**Chief Administrative Officer**

**Letang Municipality**
**Office of Municipal Executive**
**Letang, Morang**
**Koshi Province, Nepal**

**INVITATION FOR ELECTRONIC BIDS**

Date of Publication: 02 October 2024

1. The Letang Municipality, Morang invites electronic bids from eligible bidders for the procurement following procurement works as detailed in the table below.
2. Eligible Bidders may obtain further information at the office of Letang municipality, Morang or may visit PPMO's website www.bolpatra.gov.np/egp or refer to bid documents.
3. Sealed bids must be submitted through the e-GP system i.e. www.bopatra.gov.np/egp on or before 05 November 2024 (2081 Kartik 20) at 12:00. Bids received after this deadline will be rejected.

| S. No. | IFB No. | Particulars | Estimated Cost with PS without VAT (NRs.) | Bid Security Amount (NRs.) | Cost of Bidding Document (NRs) | Bid/Bid security Validity Period (Days) |
|---|---|---|---|---|---|---|
| 1 | LM/MOR/NCB/W/2081-82/01 | Plum concrete works: Ward No. 8 Construction of Edging wall in Sayapatri Chowk tekra paini dekhi dakshin and Ward No. 9 field channel construction | 39,99,195.72 (Disclosed as per Rule 49 of PPR 2064) | 1,20,000 | 3,000 | 90 days/ 120 days |
| 2 | LM/MOR/NCB/G/2081-82/01 | Procurement of Zinc Coated Machine made Gabion Boxes For F/Y 2081-82 | - | 1,00,000 | 3,000 | 90 days/ 120 days |

**Chief Administrative Officer**

Government of Nepal
Ministry of Energy, Water Resources and Irrigation
Department of Water Resources and Irrigation

**Irrigation Feasibility Study and Construction Quality Program**

Jawalakhel, Lalitpur

**Notice for Financial Proposal Opening**

**Date of Publication: 2nd October 2024**

This is to notify that, following firm(s) have qualified in the technical proposal for the contract: **DETAIL FEASIBILITY STUDY WITH ENGINEERING DESIGN OF SALYANTAR LIFT IRRIGATION PROJECT (DWRI/IFSCQP/2080/81/EOI-02)**

| | | |
|---|---|---|
| 1. CMS-MADI-Threshold JV | 2. ECOCODE-TMS-PARAGON JV | 3. FBC-CIAS-Engineering Ko Ghar JV |
| 4. Global-SES-NEDECON JV | 5. Ink -IDRS-MANNINGS JV | 6. PRECAR-SAP-GHC JV |
| 7. Sitara-Multi-Rimc JV | | |

The Financial Proposal of the qualified firm(s) will be opened on the day, time and venue provided below. Therefore, we would like to invite all the qualified consulting firm(s) to send their authorized representative for opening of the financial proposal as per Instructions to Consultants (ITC) 23.

**Date: 9th October 2024**
**Time: 1:00 P.M.**
**Venue: DWRI, Jawalakhel -Lalitpur, Room no. 424**

**बेलबारी नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**बेलबारी, मोरङ**
**कोशी प्रदेश, नेपाल**

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

**प्रकाशित मितिः २०८१/०६/१६ (2nd October, 2024)**

यस बेलबारी नगरपालिका नगर कार्यपालिकाको कार्यालयबाट मिति २०८१।०५।१४ गते राष्ट्रिय स्तरको दैनिक पत्रिकामा प्रथम पटक प्रकाशित Chisang Kholabata Samanya Nirmanmukhi nadijnya Padartha Utkhnan Sangkalln Tatha bikri Karya कार्यको विद्युतिय बोलपत्रको माध्यमबाट सूचना आह्वान गरिएको ठेक्कामा दाखिला भएका बोलपत्रहरू मध्ये सबैभन्दा उच्चतम बोलअङ्क कबोल गर्ने र सारभूत रूपमा प्रभावग्राही देखिन आएको तपशिल बमोजिमको बोलपत्र स्वीकृतका लागि छनौट भएकाले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७(२) र सोहि ऐनको दफा ४७ को प्रयोजनार्थ बोलपत्रमा भाग लिने सम्पूर्ण बोलपत्रदाताहरूलाई स्वीकृतिको आशयको सूचना जानकारीका लागि प्रकाशित गरिएको छ ।

**तपसिलः**

| क्र.स. | ठेक्का नं. | कामको विवरण | बोलपत्रदाताको नाम र ठेगाना | कबोल अंक (मूल्य अभिबृद्धि कर बाहेक) |
|---|---|---|---|---|
| १. | ***BM/MOR/G/NCB -03-2081/82*** | Chisang Kholabata Samanya Nirmanmukhi nadijnya Padartha Utkhnan Sangkalln Tatha bikri Karya | **श्री उमा इन्फ्रोटेक एंड सप्लायर्स प्रा.लि. कमल गाउपालिका -५** | रु. ३,४६,१४,२०९.०० (**अक्षरेपि तीन करोड छ्यालिस लाख चौध हजार दुई सय नौ रूपैया मात्र**) |

**बेलबारी नगरपालिकाको सूचना सच्याइएको**

मिति २०८१/०६/१५ गते बेलबारी नगरपालिकाबाट प्रकाशित ठेक्का नं. ***BM/MOR/G/NCB -02-2081/82*** बोलपत्र स्वीकृत गर्ने सूचनामा कबोल अंक रु. ३,०२,४५,८२०।०० (अक्षरेपि तीन करोड दुई लाख पैतालिस हजार आठ सय बीस रूपैया मात्र) मू.अ कर बाहेक हुनुपर्नेमा अन्यथा भएकोले सच्याइएको छ ।

**प्रमुख प्रशासकीय अधिकृत**

# प्रभाव दैनिक

बुधबार १६, असोज २०८१ (Wednesday, October 02, 2024)


रूपशाला

### रजनीकान्त अस्पताल भर्ना

भारतका सुपरस्टार अभिनेता रजनीकान्त अस्पताल भर्ना भएका छन् । मिडिया रिपोर्टका अनुसार रजनीकान्तलाई गएराती चेन्नईको एपोलो अस्पतालमा भर्ना गरिएको छ । पेट दुखेको गुनासो गरेपछि उनलाई भर्ना गरिएको बताइएको छ । त्यस्तै केहि भारतीय मिडियाहरूले भने रजनीकान्तको मुटु सम्बन्धि समस्या भएको र आजै मुटुको शल्यक्रिया गरिने बताएका छन् । रजनीकान्तको स्वास्थ्य पछिल्लो केही वर्षयता रजनीकान्तको स्वास्थ्य पटक-पटक बिग्रिएको छ । रजनीकान्तको सन् २०१६ मा अमेरिकामा मिर्गौला प्रत्यारोपण समेत गरिएको थियो ।



# एक्सनले भरिपूर्ण फिल्म ‘१२ गाउँ’ को ट्रेलर सार्वजनिक

■ प्रभाव संवाददाता




**काठमाडौं–** यही असोज २४ गते फूलपातीदेखि प्रदर्शनको तयारीमा रहेको अभिनेता विराज भट्ट निर्देशित फिल्म ‘१२ गाउँ’को ट्रेलर सार्वजनिक गरिएको छ । युट्युबमार्फत् सार्वजनिक ट्रेलर एक्सनले भरिपूर्ण रहेको छ ।

सुपरस्टार विराज भट्ट र यही फिल्मबाट डेब्यु गरेका उनका छोरा समीर भट्टलाई एक्सन अवतारमा प्रस्तुत गरिएको छ ।

१२ गाउँ भन्ने ठाउँमा वर्चश्व जमाएर बसेको एक अत्याचारी पात्र (मुरलीधर) को साम्राज्य ध्वस्त पार्न विराज र समीरले गरेको संघर्षको कथावस्तुमा फिल्म बनेको ट्रेलरबाट बुझ्न सकिन्छ ।

फिल्ममा विराजलाई बाघको रूपमा चित्रित गरिएको छ । विराज र समीर पहिलो पटक एकसाथ देखिएकाले दर्शकमा ‘१२ गाउँ’ को प्रतिक्षित फिल्म बनेको छ । फिल्ममा पूर्व ‘मिस नेपाल इन्टरनेशनल’ न्यान्सी खड्का, मोडल सनिशा भट्टराई, दीया मास्के, अर्जुन जंग शाही, कनिज कोइराला, नरेन खड्का, कृष्ण भट्ट, सोनु चन्द्रपाल, कालु राना, शुलेमान शंकर (इकु), भिष्म जोशी, स्टन्ट सिल्भा लगायतको पनि अभिनय छ ।

फिल्ममा महेश पौडेलको छायांकन, अर्जुन पोखरेल र निरज सिंहको संगीत, रामजी लामिछाने र सुनिल क्षेत्रीको कोरियोग्राफी तथा प्रवीन केएल र भुपेन्द्र अधिकारीको सम्पादन रहेको छ भने विराज स्वयंको कथा र सन्तोष सरकारको पटकथा तथा संवाद लेखन छ । यसमा द्वन्द्व निर्देशन साउथका स्टन्ट सिल्भाले गरेका छन् । उनले साउथका ५० बढी फिल्ममा द्वन्द्व निर्देशन गरिसकेका छन् ।

# झिल्के एण्ड द कम्पनीको ‘काठमाण्डु सहर’ म्युजिक भिडियोमा

■ प्रभाव संवाददाता



**काठमाडौं–** नेपाली रक ब्याण्ड् झिल्के एण्ड द कम्पनीले गीत ‘काठमाण्डु शहर’ को म्युजिक भिडियोलाई ‘थ्री सिटिज ट्रिलोजी’ को अन्तिम भागको रूपमा सार्वजनिक गरेको छ । यो भिडियोलाई ब्याण्डले काठमाडौं, झापा र दार्जिलिङमा फैलिएका सांस्कृतिक प्रभावको समृद्धि मनाउने भावनात्मक संगीत भिडियोहरूको श्रृफ्ला मानेको छ ।

यो भिडियो उनीहरूको एल्बम ‘जवानीको जोश’ को तेस्रो म्युजिक भिडियो हो । गीतका गायक तथा गीतकार स्टिभ देवान ‘थ्रि सिटिज ट्रिलोजी’लाई ब्याण्डको आधारको मार्मिक अन्वेषणसँगै व्यक्तिगत इतिहाससँग जोडिएको दस्तावेज मान्छन् ।

‘मेरो परिवारको काठमाडौं, झापा र दार्जिलिङसँग गहिरो सम्बन्ध छ । हुर्कदै गर्दा, मैले यी विभिन्न स्थानहरूका परिवारहरूबाट विविध संस्कृतिहरूको अनुभव पाएँ,गीतबारे उनी भन्छन्, ‘यी हरेक स्थानले मेरो बाल्यकालको सम्झना समेट्नुका साथै ब्याण्डको पहिचानलाई आकार दिने सांस्कृतिक, कलात्मक र सांगीतिक प्रभावहरूको प्रमाणको रूपमा काम गरेको छ ।’

‘जवानीको जोश’ एल्बमको कथासँग थ्रि सिटिज ट्रिलोजी निर्वाध रूपमा मिलेको छ, जसले काठमाडौंमा द्वन्द्वकालको पृष्ठभूमिमा हुर्किएको एक युवकको जीवनको कथा बताउँछ । पहिलो भिडियो ‘१८२’, मार्च २८, २०२४ मा रिलिज भएको थियो, जसमा रक एण्ड रोल, पंक-रक, शु-गेज र अल्टरनेटिभ रकको तत्वहरू मिसाई गीतको शीर्षक विश्वव्यापी चर्चित ब्याण्ड ब्लिन्क १८२ प्रति समर्पित थियो ।

झापामा छायांकन गरिएको उक्त भिडियोले वास्तविकता र सपनाबीचको सीमानालाई पछ्याउँदै आफ्नो पहिचान खोज्ने युवकको चित्रण गरेको थियो । त्यसपछि रिलिज भएको ‘कान्छी तिम्रो नराम्रो बानी’ दार्जिलिङमा छायांकन गरिएको थियो, जसमा क्लासिक रकको धुनमा प्रेम र त्रासदीका विषयवस्तुहरू जोड्ने एक कथा प्रस्तुत गरिएको थियो ।

‘काठमाण्डु शहर’ झिल्के एण्ड द कम्पनीबाट उनीहरूको कलात्मक यात्रामा गहिरो प्रभाव पारेको शहर प्रति भावपूर्ण रूपमा समर्पित गीत हो ।

युनेस्को विश्व सम्पदा क्षेत्र काठमाडौं दरबार स्क्वायरमा छायांकन गरिएको गीतले दरबार स्क्वायरको ऐतिहासिक र सांस्कृतिक महत्वलाई जोड दिएको छ । भिडियाको निर्माण कम्पनी, पिभिई नेटवर्कका विकेश कायस्थ सहरको सम्पदाका लागि दरबार स्क्वायर महत्वपूर्ण रहेकाले यो स्थान छनोट गरिएको बताउँछन् ।

# फिल्म ‘सानो संसार’ पुनः प्रदर्शन गरिने

■ प्रभाव संवाददाता




**काठमाडौं–** शुक्रबार र शनिबार परेको अविरल वर्षाले देशभरको जनजीवन प्रभावित भएपछि फिल्म ‘सानो संसार’का निर्माताले प्रदर्शनको दुई दिनमै रिलिज स्थगित गरेका थिए । अब आगामी कात्तिक ९ गते फिल्मलाई पुनः प्रदर्शन गरिने भएको छ । निर्माण कम्पनी प्रिन्सेस मुभिजले सोमबार विज्ञप्ति जारी गर्दै नयाँ प्रदर्शन मितिबारे जानकारी गराएको हो । कात्तिक ९ गते अन्य कुनै नेपाली फिल्म छैनन् ।

प्रदर्शनपूर्व काठमाडौंमा गरिएको प्रिमियरमा ‘सानो संसार’ले राम्रो प्रतिक्रिया पाएको थियो । फिल्मको कथावस्तु र कलाकार हरूको अभिनयको प्रशंसा भएको थियो । तर, रिलिजकै दिनदेखि देशभर पानी पर्दा हलमा फिल्म हेर्ने दर्शक शून्य बराबर थिए । यसपछि फिल्मको प्रदर्शन नै स्थगित गर्न निर्माता बाध्य भए । अब फेरि फिल्मको प्रचारमा निर्माताले ठूलो खर्च र मिहिनेत गर्नुपर्ने देखिन्छ ।

सिद्धार्थ पुडासैनीको निर्देशनमा बनेको फिल्ममा सीतादेवी तिमिल्सेना, अनु दाहाल, राज पंगेनी शर्मा, अन्जसा रिजाल, शिशिर सिवाकोटी, सरिता भण्डारी, जीवन गौतम लगायतको अभिनय रहेको छ । निर्देशकदेखि कलाकार सबैको यो पहिलो फिल्म हो । ‘सानो संसार’को निर्मातामा अर्जुन कुमार र कार्यकारी निर्मातामा माधव वाग्ले रहेका छन् ।

# बेलायतमा ‘काँडेतार’को चर्चा

**काठमाडौं (प्रस)–** नेपाल र भारतको सिमानामा काँडेतार लगाउनुपर्ने विषयवस्तुमा निर्माण भएको फिल्म ‘काँडेतार’ अहिले युकेको विभिन्न स्थानमा प्रदर्शन भइरहेको छ ।

यस्तैमा फिल्म सोमबार युकेको आश्फोर्ड सिङ्गलटन हलमा प्रदर्शन भएको थियो । प्रदर्शनीमा दर्शकको उपस्थिति राम्रो रहेको गायिका तथा फिल्मकी निर्माता सत्यकला राईले बताइन् ।

‘देशको माटो र मान्छे जोगाउने उद्देश्यका साथ निर्माण भएको फिल्म भएकोले होला युके निवासी नेपालीहरूले विशेष प्रेम र सद्भाव देखाउनु भएको छ‘, राईले भनिन् ‘फिल्मको दिन प्रतिदिन माग बढ्दो छ ।’ फिल्मको शोमा दर्शकको अनुरोधमा राईले आफ्ना चर्चित गीत समेत सुनाएकी थिइन् ।

निर्माता राईका अनुसार फिल्म हेर्न विभिन्न सङ्घ संस्थाका प्रतिनिधि, कलाकार, लेखक, पत्रकारहरू आएका थिए । शोको मुख्य आयोजक नेप्लिज लेडिज ग्रूपका जया कोयी राई, देवान राई र ट्रस्टी अफ गोर्खा पिस फाउन्डेसनका गंगाराज राई, यायोक्खा वेलाय र नेपाली कलाकार प्रस्तोता समाज बेलायत किरात राई, कल्पना राई कुञ्जु, सगरमाथा गोरखा नेप्लिज लेडिज कम्युनिटी आस्फोर्ड र सांस्कृतिक सचिव किरात राई यायोक्खा लगायत रहेका थिए ।

फिल्म नबल खड्काले निर्देशन गरेका हुन् । फिल्ममा नबलको अलावा, गौरव पहाडी, रेविका गुरूङ, प्रशान्त यादव,सुरबिना कार्की, मुरलिधर, संजय खतिवडा,रोमियन लिम्बु, प्रेम सुब्बा, पर्शुराम चौधरी, पुष्प श्रेष्ठलगायतको अभिनय छ ।

## रंगशाला

एभरेस्ट महिला भलिबल

# कर्णालीको लगातार दोस्रो जित



■ प्रभाव संवाददाता

**काठमाडौं –** कर्णाली एसभिएसले एभरेस्ट महिला भलिबल लिगमा लगातार दोस्रो जित हासिल गरेको छ । त्रिपुरेश्वरस्थित राष्ट्रिय खेलकुद परिषद् (राखेप) कभर्डहलमा मंगलबार भएको खेलमा गण्डकी थन्डर्सलाई कर्णालीले ३-२ को सेटमा पराजित गरेको हो ।

